नेवा सेकुवा पसः
यामाहा शोरूमपछाडि, पानीटङ्की, वीरगंज
मो. ९८४५०६१६०२

यहाँ शुद्ध खसी र कुखुराको मासुका परिकार पाइन्छ ।

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ मङ्सिर ०३ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 November 19 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ८३

## गहुँबालीमा पनि पर्सेली किसान मलको अभाव झेल्दै

ओमप्रकाश चौधरी, सेढवा, २ मङ्सिर/

धानपछि दोस्रो मुख्य बाली गहुँखेतीको बेलामा पनि पर्सेली किसानहरूले मलको अभाव झेल्नुपरेको छ।



जीराभवानी गाउपालिका वडा नं २ सेढवाका जय मारुतीनन्दन कृषि सहकारी संस्थामा मल खरीद गर्न ताँती लागेका किसानहरू । तस्वीरः प्रतीक

पर्सा जिल्लामा मल पर्याप्तरूपमा नपाउँदा यहाँका किसानहरू मलको लागि छिमेकी भारतको सीमावर्ती क्षेत्रका बजारहरूमा धाउनुपरेको छ । किसानहरूले गहुँबालीका लागि आवश्यक पर्ने मल अहिले भारतको इनर्वा, भङ्गाहा, मैनाटाड, सिकटालगायतका बजारहरूबाट ल्याउन शुरू गरेका छन् ।

जीराभवानी गाउँपालिका–२ सेढवाका किसान प्रदीपदास थारूले गहुँ रोप्ने बेलामा पनि मलको अभाव झेल्नुपरेको बताए । उनले गहुँको बीउ छरेको र सो प्रयोजनको लागि आवश्यक मल अहिले भारतीय बजार इनर्वाबाट ल्याएको बताए ।

अहिले भारतीय बजारमा पाउने मलको गुणस्तरीयता नेपाली मलभन्दा कम भएको र मूल्य पनि बढी हुने गरेको उनले बताए । एक बोरा डिएपी मल २ हजार ४५० रुपैयाँ तिरेर खरीद गरेको उनले बताए ।

गहुँ रोपाइँ भएपछि तेस्रो सातासम्म डिएपी, युरिया, पोटास मल आवश्यक हुन्छ । गहुँखेतीमा मुख्यतया मङ्सिर १ देखि १५ गतेसम्म बीउ छर्ने कार्य हुन्छ ।

पटेर्वासुगौली गाउँपालिका–२ मकवानीटोलका किसान बिगा महरा चमारले नेपाली बजारमा मल नपाएपछि भारतको सीमावर्ती क्षेत्रका व्यापारीहरूले मल बिक्रीका लागि ल्याउन शुरू गरेको बताए । उनले भारतबाट चोरबाटोबाट ल्याइएको मल नेपाली बजारमा झनै महँगोमा खरीद गर्नुपर्ने बाध्यकारी अवस्था आएको बताए । रङ्गपुरमा पचास किलोको एक बोरा डिएपी मल रु ३ हजारमा बिक्री भइरहेको उनले बताए । त्यसमा पनि कतिपय बोरामा तौल अनुसारको मल नभएर ५ किलो कम हुने गरेको चमारले दुःखेसो पोखे ।

जीराभवानी गाउँपालिका–३ सेढवास्थित जय मारुतीनन्दन कृषि सहकारी संस्थाका सञ्चालक सत्यनारायण साहले बुधवारदेखि मल किसानलाई उपलब्ध गराएको बताए । उनले सय बोरा मल कृषि सामग्री कम्पनीले उपलब्ध गराएको र एक घण्टामैं सकिएको बताए ।

सातामा एक सय बोरा मल कम्पनीले उपलब्ध गराउन थालेको तर किसानहरूको माग भने सोभन्दा अत्यधिक रहेको उनको भनाइ छ । उनको वडामा दुईवटा सहकारी भएकाले अहिले कम्पनीले ८०/८० बोरा मात्र मल दिने गरेको बताए । डिएपी मल मात्र पाएको, युरिया र पोटास भने अभाव नै रहेको उनले बताए ।

अहिले सहकारीमार्फत युरिया मल प्रतिबोरा रु ७७५ पर्छ । डिएपी प्रतिबोरा २ हजार ३२५ र पोटास १ हजार ७५० मूल्य जीराभवानी गापामा तोकिएको छ ।

## कार्तिक पूर्णिमा : पर्सा, बाराका सात ठाउँमा मेला

प्रस, पर्सागढी, २ मङ्सिर/

प्रत्येक वर्षझैं यस वर्ष पनि कात्तिक पूर्णिमाको मेला पर्सा जिल्लाका विभिन्न ठाउँमा लागेको छ ।

पर्सा जिल्लाका पाँच स्थान र बारा जिल्लाका दुई स्थानमा मेला लागेको छ ।



तस्वीरः प्रतीक

सातजना देवी दिदीबहिनीहरूको पूजा अर्चना दुई जिल्लामा कात्तिक पूर्णिमाको दिन गरिन्छ । पर्सा जिल्लाको कोइलाभार, चइलाभार, आमोदेवी, गादी, सुगीभार, बाघमोर्चा मन्दिर र बाराको करैयामाई र सुगीभार मन्दिरमा मेलासहितको कात्तिक पूर्णिमा मनाइन्छ ।

बिहीवार रातिदेखि सातोमाई मन्दिरहरूमा मेला आयोजना गरिएको छ । शुक्रवार बिहान विभिन्न स्थानबाट मानिसहरू सो ठाउँमा पुगेर भाकल अनुसार पूजा अर्चना गर्ने आमोदेवी मन्दिरका पुजारी सुरेशदास थारूले बताए ।

## पशुपालक किसानको मेहनतमा सारथि बन्दै कृषि विकास बैंक

प्रस, निजगढ, २ मङ्सिर/

घरपरिवार, वृद्ध आमाबुबा छाडेर रोजगारका लागि विदेशिने अधिकांशको पीडा कम दुःखदायी छैन ।

तीन तहकै सरकारले किसानहरूलाई सेवासुविधा घरदैलोमा नै सहज र सरलरूपमा उपलब्ध गराउने हो भने, बर्सेनि विदेशिने लाखौं युवा स्वदेशमा नै काम गर्न फर्कनेछन् ।

बिचौलियाको हालीमुहालीलाई निरुत्साहित गर्दै लागत र श्रमको मूल्यसँगै बजार व्यवस्थापनमा सरकार अझै लाग्न नसक्दा कैयौं किसानले पुरानै ढङ्गबाट मार खेप्दै आएका छन् ।

नेपाली वरिष्ठ गीतकार कालीप्रसाद रिजालले लेखेको र स्वर सम्राट नारायण गोपालले गाएको 'आँखा छोपी नरोउँ भनी भन्नुपऱ्या छ, मुटुमाथि ढुङ्गा राखी हाँस्नुपऱ्या छ' भन्ने यर्थाथवादी गीतसँगै यस्ता विभिन्न समस्याका बावजूद पनि स्वदेशमा नै रोजगार गरिरहेको कैयौं उदाहरण छन् र त्यसैको एक पाटो हुन्, बारा, निजगढ नगरपालिका–६ शान्तिटोलका ४५ वर्षीय हरिप्रसाद लामिछाने र उनकी ३५ वर्षीया पत्नी उदयकुमारी लामिछानेको मेहनत ।

इमानदारीका साथ मेहनत गर्दा के हुँदैन भन्ने गतिलो उदाहरण लामिछाने दम्पतीको परिश्रमले देखाएको छ । हरिप्रसाद लामिछाने १७ वर्षको कलिलो उमेरमा छिमेकी मुलुक भारतमा रोजगारका लागि पसे । त्यस बेला कैयौं रात भोकभोकै सुते । प्रशस्त दुःख अनि हण्डर खाए । यसरी नै उनले २६ वर्ष भारतमा विभिन्न कामसँगै पछिल्लोपटक लामो समय होटल व्यवसाय गरे । उमेर ढल्किँदै जाँदा र अन्य घरव्यवहारले घेर्दै ल्याएसँगै स्वदेशमा नै फर्की पशुपालन शुरू गरे । गाउँघरमा व्यावसायिक पशुपालन गर्नेहरू असफल भएको सुन्दासुन्दै पनि उनले व्यावसायिक पशुपालन गर्ने यात्रा तय गर्दै बालाजी पशुपालन फर्म दर्ता गरे । उनको कामको निधो, यात्रा, योजनालाई सफल बनाउन निजगढस्थित कृषि विकास बैंक सारथि बनिदियो । जसले अहिलेसम्म साथ निभाउँदै आएको छ ।



तस्विर : जीतलाल श्रेष्ठ

उनलाई पशुपालन गर्न गोठ, मलमूत्र व्यवस्थापन गर्न स्थान तयार गर्न करीब रु २१ लाख खर्च लाग्यो । दुईपटकमा उनले रु ७५ लाख बैंकबाट ऋण लिई पशुपालन गरिरहेका छन् । शुरूमा दुईवटा होलस्टेन गाईपालन गर्दै दूध बिक्री गर्न शुरू गरेका उनको गोठ अहिले गाई, भैंसी, पाडापाडी, खसी, बाख्रा, राँगाले भरिभराउ छ । शुरूमा साइकलमा र अहिले स्कूटीमा दूध बिक्री गर्दै साँझको दूध घरदेखि अलि टाढा रहेको दुग्ध डेरीमा बिक्री गर्छन् । गर्भावस्थामा सुईको प्रयोग गरी गाईबाट बाछी उत्पादन गर्न सकिने प्रविधि छिमेकी मुलुक भारतमा भएपनि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले यसतर्फ ध्यान नदिएको पशुपालक कृषक लामिछानेले बताए ।

दूध उत्पादन एउटा आम्दानी हो भने, बाछी उत्पादन गराउन सक्नु अर्को थप आम्दानी रहेको उनको बुझाइ छ । "बाछी उत्पादनले हुर्केपछि दूधबाट थप आम्दानी लिन सकिने र भारतबाट थप गाई खरीद गर्नुपर्दैनथ्यो । तर सरकारले अहिलेसम्म यो कुरामा मतलबै नराखेको छैन," उनले दुःखेसो पोखे ।

यो व्यवसायमा उनलाई पत्नी उदयकुमारीले सघाउँदै आएकी छन् । "लामो समय भारतमा रोजगार गर्नु भएपनि अहिले सँगै मिलेर काम गर्न पाउँदा निकै आनन्द र आम्दानी सन्तोषजनक छ," उनले भनिन् । व्यवसाय शुरू गरेसँगै समयलाई खेर फाल्न नहुने उदयकुमारीले अहिले बुझ्ने मौका पाएकी छन् । उनले समय खेर फाल्नुभन्दा पशुपालन, कृषि वा अन्य कुनै पेशा, व्यवसायमा लाग्न महिलाहरूलाई अपील गरेकी छन् ।

छोरा–बुहारीको यस प्रयासलाई ७४ वर्षीय बुबा विष्णुप्रसाद लामिछानेले पनि हौसला दिंदै आएका छन् । लामो समय रोजगारका लागि भारत बसेको कान्छो छोरा हरिले घरमा नै आएर पशुपालन गरेकोमा उनी औंधी खुशी छन् ।

अधिकांश पशुको उनले बीमा गरेर सम्भावित जोखिमविरुद्धको काम पनि गरेका छन् । पशुलाई खुवाउन उनले वार्षिक ८/१० लाख रुपैयाँको पराल र भुसा खरीद गर्छन् । साँझ उत्पादित दूध डेरीमा बिक्री गरेर पराल, ढुटो उपलब्ध हुने गरेको हरि बताउँछन् । दूध उत्पादन गर्नेभन्दा बढी दूध किनेर बिक्री गर्ने संस्थाहरू आर्थिकरूपमा सबल देखिएकाले सरकारले दूध उत्पादन गर्ने किसानहरूको जीवनस्तर उकास्ने गरी नीति ल्याउन आवश्यक भएको लामिछाने दम्पती बताउँछन् । लामिछाने दम्पतीलाई पशुको गोबरबाट मात्र वार्षिक सात लाख रुपैयाँ आम्दानी भइरहेको छ । मल अभाव भइरहने भएकाले गोबरका लागि अग्रिम भुक्तानी पाइने गरेको उनीहरू बताउँछन् ।

लामिछाने दम्पतीले अहिले घाँसको पनि उत्पादन शुरू गरेका छन् । भाडामा एक बिघा जमीन लिएर घाँस उत्पादन शुरू गरेको र यसबाट पशुहरूको आहारामा सघाउ पुग्ने उनीहरूको विश्वास छ । पशुपालन व्यवसायबाट वार्षिक दश लाख रुपैयाँ चोखो आम्दानी भइरहेको हरिले बताए ।

## महानगरद्वारा सहुलियतमा गहुँको बीउ वितरण शुरू

प्रस, वीरगंज, २ मङ्सिर/

वीरगंज महानगरपालिकाले महानगरभित्रका किसानहरूलाई अनुदानमा गहुँको बीउ उपलब्ध गराएको छ ।



अनुदानको मल वितरण गरिंदै । तस्वीर सौजन्यः वीमनपा

महानगरका किसानहरूलाई लक्षित गरेर ४० टनभन्दा बढी बीउ वितरण गर्ने लक्ष्य रहेको नगरप्रमुख विजयकुमार सरावगीले बताए । उनले बिहीवारदेखि महानगरका किसानहरूलाई उन्नत जातको गहुँको बीउ पचास प्रतिशत अनुदानमा उपलब्ध गराउन शुरू गरिएको जानकारी गराए । महानगरले पहिलो चरणमा एनएल ९७१ जातको गहुँ वितरण गरेको र यसपछि पछुवा र विजय जातको बीउ उपलब्ध गराउने योजना रहेको महानगरपालिकाका कृषि शाखा प्रमुख उर्मिला श्रेष्ठले बताइन् ।

### विचारसार र सूक्तिहरू

**मन लोभी, चञ्चल र चोर हुन्छ, यसर्थ मनका अनुसार नहिंडौं, मन छिनछिनमा कहींबाट कहीं पुगिरहन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.prateekdaily.com


## गाँजाखेती रोक्ने उपाय

**पर्सा जिल्लामा गाँजाखेती उन्मूलन भएको एक दशकभन्दा बढी समय भयो। यो बीचमा यहाँ गाँजाखेतीका घटना विरलै सुन्नमा आएको थियो। छिटपुटरूपमा गरिने गाँजाखेतीलाई प्रहरीले नष्ट गर्दै आएको पनि हो। तर यसपटक भने ठोरी गाउँपालिकामा एकैपटक एघार बिघा खेतमा रोपिएको गाँजाखेती प्रहरीले नष्ट गरेको घटना सार्वजनिक भएसँगै जिल्लाबाट उन्मूलन भएको गाँजाखेती पुनः शुरू त भएन भन्ने आशङ्का पलाएको छ। ठोरी गापा पर्सा जिल्लामा गाँजाखेतीको लागि नाम चलेको ठाउँ पनि हो। तत्कालीन निर्मलबस्ती गाविसमा ठूलो परिमाणमा गाँजाखेती हुन्थ्यो। जिल्लाबाट विभिन्न गैरसरकारी संस्थाको पहल र प्रहरी सक्रियतामा गाँजाखेती उन्मूलन भएको हो। तत्कालीन अवस्थामा गाँजाखेती उन्मूलनका लागि ठूलो सङ्घर्ष भएको थियो। गाँजाखेती उन्मूलन भएपछि जिल्लामा सुर्ती, तोरी, तरकारीलगायतका नगदेबालीप्रति किसानहरूको आकर्षण बढेको थियो। अहिले पनि यो आकर्षणमा कमी भने आइसकेको छैन। थोरै लगानीमा धेरै आम्दानी गाँजाखेतीबाट हुने गरेकोले यसप्रति आकर्षण बढेको थियो। अहिले छिमेकी मकवानपुर र धादिङ जिल्लामा गाँजाखेती निर्बाधरूपमा हुँदै आएको छ। त्यहाँ गाँजाखेती उहिले पनि भएको थियो र अहिले पनि भइ नै रहेको छ। मकवानपुर र धादिङमा हुने उब्जने गाँजा मुख्य बजार छिमेकी मुलुक भारत नै हो। भारत पुर्‍याउने क्रममा त्यहाँको गाँजा, चरेस पर्सा जिल्ला भएरै जाने गरेको छ। पहिलेदेखि मकवानपुरको मनहरी र लोथरको जङ्गल भएर भरियामार्फत पर्सामा आउने र यहाँबाट विभिन्न माध्यमबाट भारत पुर्‍याउने काम अहिले पनि जारी छ। जिल्लाको जङ्गलसङ्ग जोडिएका गापाहरूमा भण्डार गर्ने अनि भरिया, मोटरसाइकल, जीप, कार आदिबाट भारत पुर्‍याउने काम रोकिएको छैन। पर्सा जिल्लाबाट मकवानपुर र धादिङमा उत्पादित गाँजा भारतसम्म पुग्दा दुना होइन चौगुना मोलमा बिक्री हुन्छ। यही कारण हो कि यो जिल्लाबाट उन्मूलन भएको गाँजाखेतीतर्फ यहाँका किसानहरू बेलाबेलामा आकर्षित हुने गरेका। मकवानपुर र धादिङबाट आउने गाँजाबाट यत्रो मुनाफा हुन्छ भने जिल्लामा उत्पादन गर्दा अझ बढी कमाइ गर्न सकिन्छ भन्ने किसानहरूको सोच हुन सक्छ। अर्कोतर्फ यस खेतीमा संलग्नहरूको गाउँटोलमा आर्थिक चहलपहल बढ्नुले पनि अरूमा पनि गाँजाखेती गरेर मनग्य आम्दानी गर्ने रहर जागेको हुन सक्छ। यस अर्थमा जिल्लामा गाँजाखेती रोक्न सफल प्रहरी प्रशासनले मकवानपुर र धादिङबाट भित्रिने गाँजा, चरेसको कारोबारलाई पनि रोक्न जरुरी छ।**

**एकथरी कमाउनमा व्यस्त हुने र अर्कोथरी हेरेर बस्ने क्रम धेरै दिनसम्म टिकाइराख्न सकिन्न। अहिले ठोरी र आसपासमा शुरू भएको गाँजाखेतीको कारण यही नै हो। प्रहरीले सूचना पाएको खण्डमा मात्र गाँजाखेती फँडानी गर्ने गरेको गर्छ। तर सूचना नै रोकिने र यो खेतीतर्फ बिस्तारै यहाँका किसानहरू आकर्षित हुन सक्ने कुरालाई नजरअन्दाज गर्न सकिंदैन। यस अर्थमा पर्सा प्रहरीले आगामी दिनमा जिल्लाका किसानहरू अवैध गाँजाखेतीतर्फ आकर्षित नहोस् भन्ने चाहना राख्ने हो भने मकवानपुर र धादिङबाट भइरहेको गाँजा ढुवानीलाई रोक्न जरुरी छ। जिल्लामा गाँजाखेती रोक्ने श्रेय पाएको प्रहरीले अन्य जिल्लाबाट हुने अवैध ओसारपसारलाई रोक्न सक्दैन भन्ने चाहिं हुँदैन।**

# मित्रदेशलाई पनि गुणस्तरहीन सामग्रीको निर्यात

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**श्रीलङ्का मात्र होइन, अन्य देशहरूलाई पनि गुणस्तरहीन र हानिकारक ब्याक्टेरियायुक्त कृषि मल अथवा अन्य सामग्री स्वीकार गर्नुको औचित्य हुँदैन। चीनले पनि मित्रराष्ट्रहरूलाई भरसक उच्चकोटिको आफ्नो उत्पादन नै निर्यात गर्नु उचित हुनेछ।**

दक्षिण एशियाली देश श्रीलङ्काले चीनबाट आयात गरिएको ९६ हजार टन आर्गानिक कृषि मललाई कमसल, गुणस्तरहीन, हानिकारक जीवाणुयुक्त भएको भन्दै लिनबाट अस्वीकार गरेको छ। त्यहाँको सरकारले देशको कृषि हितसित सम्झौता गर्न नसकिने भन्दै यसलाई अस्वीकार गरेको छ। खेती गर्ने उपयुक्त समयमा मलखादको अभाव उत्पन्न भएपछि श्रीलङ्कामा अभूतपूर्व कृषि सङ्कट उत्पन्न भएको छ। छिमेकी राष्ट्र भारतले त्यहाँ तत्काल नै आर्गानिक कृषि मलको सहयोग गरेर यस कृषि सङ्कटलाई अन्त्य गर्ने भरसक प्रयास गरेको छ तर चीनले भने निर्यात भइसकेको कृषि मल फिर्ता हुन नसक्ने भन्दै समय, लागत र ढुवानी खर्चसहित कृषि मलको मूल्यसमेत पाउनुपर्ने जोडदार माग गरेको छ।

श्रीलङ्काको निम्ति पत्यारिलो मित्रराष्ट्रको उपाधि पाएको चीनले आखिर त्यहाँ गुणस्तरहीन र हानिकारक ब्याक्टेरियायुक्त कृषि मलको आपूर्ति किन गर्‍यो भन्ने विषय चारैतिर चर्चाको विषय बनेको छ। यस घटनाले एकातिर चीनद्वारा उत्पादित मालसामानप्रतिको विश्वसनीयतामाथि प्रश्नचिह्न उठाउने काम भएको छ भने अर्कोतिर आफ्नो आर्थिक एवं व्यापारिक लाभको निम्ति चीनले मित्रतालाई पनि तिलाञ्जलि दिन सक्ने कुराको पुष्टि गरेको छ।

श्रीलङ्काली राष्ट्रपति गोटाबायो राजापाक्षेले गत मे महीनामा आदेश जारी गरी कृषि कार्यमा आर्गानिक मलको प्रयोगलाई अनिवार्य गरेका कारण श्रीलङ्का सरकारले चीनको चिंगदाओ सिविन बायोटेक कम्पनी लिमिटेडबाट ९६ हजार टन आर्गानिक मल ल्याउने सम्झौता गरेको थियो। श्रीलङ्कामा पनि आर्गानिक मल उत्पादन गर्ने कारखाना छन् तर त्यहाँको सरकारले चिनियाँ कम्पनीसित कृषि मल आयात गर्ने सम्झौता गरेपछि श्रीलङ्काली कम्पनी त्यहाँको वाणिज्यिक उच्च अदालत पुगेका थिए। चिनियाँ मल हानिकारक ब्याक्टेरियायुक्त भएको भन्दै त्यसको भुक्तानी नगर्न आदेश गर्दै श्रीलङ्काको अदालतले त्यसको आपूर्तिमाथि नै रोक लगाइदिएको हो। अदालतको आदेशलाई मान्न सरकार बाध्य छ। श्रीलङ्काका प्रधानमन्त्री महिन्द्रा राजापाक्षेले पनि चिनियाँ राजदूत क्यु गोहाङलाई आफ्नो कार्यालयमा बोलाएर कमसल एवं गुणस्तरहीन कृषि मल स्वीकार गर्न नसकिने भन्दै कृषि मलले भरिएको जहाज फिर्ता लैजान आग्रह गरेका छन्। भनिन्छ, त्यस चिनियाँ जहाजलाई फिर्ता पनि पठाइसकिएको छ तर चीन भने यसको क्षतिपूर्तिको दाबी गरिरहेको छ। यतिमात्रै होइन चीनले आफूसित ऋण अथवा सहयोग लिएका देशहरूसित कठोरतापूर्वक पेस आउने गरेको र भविष्यमा सहयोग नगर्ने धम्की एवं दबाब दिने गरेको कारण श्रीलङ्काले अख्तियार गर्ने नयाँ विदेश नीति महत्त्वपूर्ण हुनेछ।

चिनियाँ कृषि मल उत्पादक कम्पनीले हानिकारक मल पठाएपछि त्यसको चेकजाँचपश्चात् श्रीलङ्का सरकारले चिनियाँ कम्पनीको कृषि मललाई स्वीकार गर्न नसकिने भनेपछि त्यहाँ गम्भीर कृषि सङ्कट उत्पन्न भएको छ। भारतले श्रीलङ्काली सरकारको आग्रहमा मित्रतास्वरूप निकै कम समयमा श्रीलङ्कालाई एक लाख किलो 'नैनो नाइट्रोजन मल' आपूर्ति गरेको छ। यसबाट त्यहाँका किसानहरूको आँखामा खुशी र हाँसोको आँसु हेर्न सकिन्छ। चिनियाँ कृषि मलको खेपलाई स्वीकार गर्न नसकेर श्रीलङ्काले कमोवेश चीनलाई ठूलो आर्थिक क्षति पुर्‍याएको छ। विगतका दिनमा चीनसित ठूलो आयतनमा ऋण काढ्ने श्रीलङ्का भने चीनको जथाभावी किसिमको सामग्री र प्रस्तावलाई स्वीकार एवं समर्थन गर्न नसकिने जवाफ दिइसकेको छ। गम्भीर कृषि सङ्कटका बेला भारतद्वारा पठाइएको यस मलले त्यहाँ आर्गानिक मलको उत्पादनमा समेत ठूलो भूमिका निर्वाह गर्नेछ।

चिनियाँ दूतावासका अधिकारीले श्रीलङ्का सरकारलाई धम्की दिनुका साथै त्यहाँको बैंकलाई कालोसूचीमा राख्न सकिने धम्कीसमेत दिइसकेको छ। चिनियाँ ऋणको जालोमा यसअघि नै फसिसकेको श्रीलङ्काले बाध्य भएर चीनलाई आफ्नो महत्त्वपूर्ण हम्वनटोटा बन्दरगाह ९९ वर्षको लागि सुम्पिनुपरेको हो। श्रीलङ्काको मट्टाला एयरपोर्टलाई पनि कमोवेश चीनले आफ्नो वर्चस्वमा लिइ नै सकेको छ। केहीअघि मात्रै भारत, श्रीलङ्का र जापानबीच भएको एक त्रिपक्षीय सम्झौता अनुसार श्रीलङ्काको भौतिक पूर्वाधार तथा अन्य विकास कार्यमा भारत एवं जापानको भूमिका पनि अब त्यहाँ महत्त्वपूर्ण हुनेछ।

चीनले भारतलाई जिस्काउने मनसायले तमिलहरूको बाहुल्यता भएको श्रीलङ्काको उत्तरी क्षेत्रमा समेत लगानी गर्न थालेको छ तर चीनको यो योजना सफल हुने छैन किनभने चिनियाँ ऋणको असर कति खतरनाक हुने गर्दछ भन्ने कुरालाई अब श्रीलङ्काले पनि बुझ्न थालेको छ। श्रीलङ्का पनि सकभर चीनसित ऋण काढ्नुपर्ने अवस्था नआओस् भन्ने दिशामा ध्यान केन्द्रित गर्न चाहन्छ। चिनियाँसितको मित्रता कति महँगो एवं हानिकारक हुन सक्छ भन्ने कुरा अब बिस्तारै-बिस्तारै पूरै विश्वले जान्न थालेको छ।

चीनको व्यावसायिक स्वार्थको मूल्य कति चर्को पर्छ भन्ने उदाहरण चीनले भिडाएको नेपाल वायु सेवा निगमका विमानले देखाउँछ। चीनले आफ्नो होल्डिङ कम्पनी एभिकको जहाज नेपाललाई भिडाउन एक दशकअघि ठूलो कूटनीतिक बल लगाएको थियो। चीनले २०६९ सालमा छवटा जहाज (चारवटा वाइ-१२ ई र दुईवटा एम-ए ६०) भिडाउन नेपाललाई ऋणसमेत दिएको थियो। दुईवटा जहाज चीनले सित्तैमा दिएको भनिएको यो खरीदमा सरकारको रु ४ अर्ब ३२ करोड खर्च भएको थियो। तर कामै नलाग्ने यी जहाज थन्किन पुगे, जसले गर्दा निगमको वित्तभार झन्झन् चुलिंदै गयो।

केही वर्षअघि नेपालमा क्षणक्षणमा बिजुली जाने गर्दथ्यो। ट्रान्सफर्मरहरूले लोड नै सहन गर्न सकिरहेका थिएनन्। भनिन्छ, त्यति बेला जडान गरिएका ट्रान्सफर्मरहरू चीनबाट आयात गरिएका थिए। आखिर ती ट्रान्सफर्मरहरू हटाएपछि बिजुली आपूर्ति सहज र सुचारु भएको छ। चीनसामु जति झुक्यो, उसले उत्ति नै हेप्ने गर्छ र अन्ततः चीनसितको सम्बन्धमा आर्थिक पाटा खस्किन पुग्दछ। समकक्षी सम्बन्ध नहुँदा चिनियाँ सम्पर्क तथा सेवा र उत्पादनको आपूर्तिसमेत कमसल हुन जानेछ। समकक्षीको सम्बन्ध सबै मित्रराष्ट्रसँग हुनुपर्छ।

चीनको अर्थतन्त्रले दिने सेवा र वस्तुको स्तर उत्पादनमा ठूलो अन्तर हुने गर्छ। उसले संसारकै गुणस्तरीयदेखि कमसलभन्दा कमसल सामग्रीहरू उत्पादन गर्दछ। हीनताबोध बोक्ने देशहरूले उच्चकोटिको उत्पादन अपेक्षा गर्न मिल्दैन। कोभिड-१९ को सङ्क्रमण फैलिएको बेला पाकिस्तानले आफ्ना सर्वाधिक भरपर्दो मित्रराष्ट्र चीनसित मास्कको माग गरेको थियो तर चीनले पठाएको मास्क अन्डरगार्मेन्ट कपडा भएको भन्दै पाकिस्तानमा चर्को आलोचना भएको थियो। चीनले पाकिस्तानलाई उपलब्ध गराउने गरेको सामग्री स्तरहीन हुने गरेको आरोप विगत लामो समयदेखि लाग्दै आएको छ। तर आर्थिक अवस्था जर्जर भएको पाकिस्तानसामु चीनलगायतका विदेशी दातृराष्ट्रहरू एवं दातृसंस्थाको जस्तोसुकै सहयोग र शर्त स्वीकार गर्नुको विकल्प छैन। चीन विश्वको ठूलो अर्थतन्त्र हो, यसले आफ्ना छिमेकी राष्ट्रहरूप्रति सद्भाव एवं सहयोगको भावना राख्न सक्यो भने यो अवश्य पनि विश्वमा प्रभावशाली देश बन्न सक्नेछ तर कमसल उत्पादन र सामग्री निर्यात गरेर कसैको पनि विश्वास, समर्थन र सद्भाव पाउन सक्नेछैन।

विश्वका कतिपय देशमा खासगरी विकासशील तथा गरीब देशहरूमा चीनको बारेमा यस्तो मान्यता नै कायम भइसकेको छ कि यसका उत्पादनहरू कमसल र दिगो खालको हुने गर्दैन। तसर्थ सस्तो चिनियाँ उत्पादन खरीद गर्नुभन्दा महँगो विदेशी उत्पादन खरीद गर्नु नै उपयुक्त हुनेछ। चीनद्वारा श्रीलङ्का सरकारलाई निर्यात गरिएको कृषिमल गुणस्तरहीन हुनुले दुई देशबीचको घनिष्ट मैत्रीपूर्ण सम्बन्धमा पनि तिक्तता ल्याइदिएको छ। आर्थिकरूपले देश कमजोर भएपनि आफ्नो आत्मसम्मान, स्वाभिमान र आफ्ना जनताको भविष्यसँग सम्झौता गर्न सक्दैन। यस मामिलामा पनि श्रीलङ्का सरकारले आफ्नो ठोस अडान तथा राष्ट्रिय चरित्रको प्रदर्शन गरेको छ। श्रीलङ्का मात्र होइन, अन्य देशहरूलाई पनि गुणस्तरहीन र हानिकारक ब्याक्टेरियायुक्त कृषि मल अथवा अन्य सामग्री स्वीकार गर्नुको औचित्य हुँदैन। चीनले पनि मित्रराष्ट्रहरूलाई भरसक उच्चकोटिको आफ्नो उत्पादन नै निर्यात गर्नु उचित हुनेछ।

# प्रदेश नं २ का चार मन्त्रालय महीनौंदेखि सचिवविहीन


धनुषा, २ मङ्सिर/रासस

प्रदेश नं २ का चार मन्त्रालयमा महीनौंदेखि सचिव नहुँदा प्रदेश सरकारको कामकाज प्रभावित बनेको छ। सचिवविहीन हुने मन्त्रालयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय एवं वाणिज्य तथा आपूर्ति र कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालय रहेका छन्।

ती मन्त्रालयमा सचिवकै अभावमा मन्त्रिपरिषद्को बैठकसमेत लामो समयदेखि बस्न सकेको छैन भने अन्य मन्त्रालयको आर्थिक र प्रशासनिक गतिविधि दुई महीनादेखि ठप्प छ।

मुख्यमन्त्री कार्यालयबाट मन्त्रालयसँग समन्वय र मन्त्रालयबाट हुने विकासका काम रोकिएका छन्। प्रदेशको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयमा सचिव नभएको दुई महीना भयो। मन्त्रालयका तत्कालीन सचिव वीरेन्द्र यादवको भदौमा सरुवा भएको थियो। उनको स्थानमा अर्का सचिव आएका छैनन्। सचिव नहुँदा मन्त्रालयको आर्थिक र प्रशासनिक काम अगाडि बढ्न सकेको छैन।

सचिव नभएपछि मन्त्रालयका उपसचिव अवध कुशवाहाले निमित्त सचिवको जिम्मेवारी पाए तर मन्त्री भरतप्रसाद साहसँग उनको सम्बन्ध राम्रो




तस्वीरः फाइल

नहुँदा गत कात्तिक १ गतेदेखि उनी बिदा बसेका छन्। "सचिव नहुँदा निमित्त भएर मैले केही दिन चलाएँ"-कुशवाहाले भने-"मन्त्रीज्यूले तपाईंसँग काम गर्न सक्दिनँ भनेकाले म बिदामा बसें।" कुशवाहाको कात्तिक २९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा सरुवा भएको छ। मन्त्रालयमा सचिव र उपसचिवको दरबन्दी रिक्त छ। उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय पनि दुई महीनादेखि सचिवविहीन छ, जसका कारण मन्त्रालयको दैनिक गतिविधि सञ्चालन हुन सकेको छैन। मुख्यमन्त्रीले आफ्नै मातहतमा राखेको वाणिज्य तथा आपूर्ति र कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्रालयमा पनि सचिव छैनन्। मुख्यमन्त्रीसँग रहेका यी दुई मन्त्रालयको कार्यालय र कर्मचारीसमेत व्यवस्थापन भएको छैन। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा तीन सचिव हुनुपर्नेमा अहिले एकजनाको भरमा काम चल्दैछ।

प्रदेशका मुख्य सचिव हरिप्रसाद मैनालीले मन्त्रालयको नेतृत्व गर्ने सचिव पठाउन सङ्घीय मन्त्रालयमा पटक-पटक आग्रह गरिएको बताए। "सचिव नहुँदा मन्त्रालयको प्रशासनिक गतिविधि रोकिएको छ"-प्रमुख सचिव मैनालीले भने-"खाली मन्त्रालयमा सचिव पठाउन अनुरोध गरेका छौं।" प्रदेश सरकारका मन्त्रालय सचिवविहीन भएको गुनासो लिएर मुख्यमन्त्री लालबाबू राउत गद्दी कात्तिक २९ गते राजधानी काठमाडौं पुगेका छन्। उनले त्यहाँ सामान्य प्रशासन मन्त्रीसँग भेट्न खोजे पनि मन्त्री बाहिर रहेकाले भेट हुन नसकेको जनाए।

"धेरैजसो मन्त्रालयमा सचिव छैनन्, सरुवा भएपछि अर्को पठाइदिनुपर्ने हो नि"-मुख्यमन्त्री गद्दीले भने-"सचिव नहुँदा धेरै महत्त्वपूर्ण काम रोकिएका छन्, मन्त्रिपरिषद्कै बैठक बस्न सकेको छैन।" उनले सचिव-कर्मचारीको अभाव प्रदेश सरकार गठन भएदेखि नै झेलिरहेको बताए।

सचिव नहुँदा तल्लो तहका कर्मचारीसमेत मन्त्रालयमा हाजिर गरी घर फर्कने गरेका छन्। मन्त्रालयमा कर्मचारी नबस्दा प्रदेश सरकारको मुख्यालय मधेस भवनको परिसरमा रहेका मन्त्रालय अहिले सुनसान देखिन्छन्। समयमैं सचिव नपठाउँदा मन्त्रालयको बजेट खर्चसमेत प्रभावित भएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## ग्रीन मार्केटिङ र लिन म्यानुफ्याक्चरिङ

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

विश्व वातावरण प्रदूषित हुँदै गएकोमा विश्वका पश्चिमा मुलुकहरू जति चिन्तित देखिएका छन् त्यति अफ्रिकी र एशियाली मुलुक देशहरू छैनन्। विश्व पर्यावरणप्रति चासो र चिन्ताले गर्दा नै पश्चिमा राष्ट्रहरूको पहलमा स्कटल्यान्डको ग्लासगो शहरमा केही दिन पहिले (सन् २०२१, ३१ अक्टुबरदेखि नोभेम्बर १२ सम्म) 'संयुक्त राष्ट्रसङ्घीय वातावरण (मौसम) परिवर्तन सम्मेलन' भएको थियो। यो सम्मेलनले कोप २६ (COP 26) नाम पाएको थियो।

उक्त सम्मेलनमा सहभागी विभिन्न राष्ट्रका प्रतिनिधिहरूले आआफ्नो देशमा कार्बन विसर्जनको मात्रा क्रमिकरूपमा घटाउँदै लाने, पृथ्वीलाई थप तातो हुनबाट जोगाउन ठोस प्रयास गर्ने, सफा ऊर्जा उत्पादन र प्रयोगमा जोड दिनेसम्बन्धी वाचाहरू गरेका थिए। धनी राष्ट्रहरूले गरीब राष्ट्रहरूलाई सफा ऊर्जा उत्पादन गर्न सहयोग गर्नेबारे पनि धनी राष्ट्रहरू बीच सहमति भएको थियो। स्मरण रहोस्–ऊर्जा उत्पादनका लागि अत्यधिक मात्रामा कोइला बाल्दा, उद्योग र यातायातका साधनहरू सञ्चालन गर्न ठूलो मात्रामा पेट्रोलियम पदार्थ प्रयोग हुँदा र ऊर्जा उत्पादनका लागि पनि पेट्रोलियम पदार्थ प्रयोग गर्दा ठूलो मात्रामा कार्बन उत्पादन हुन्छ र उत्पादित त्यो कार्बनले पृथ्वीलाई थप तातो पार्ने गर्दछ। पृथ्वीको तापक्रम बढ्दै जाँदा बाढी, पहिरो, समुद्री आँधी, वन–डढेलोजस्ता समस्या विस्तार हुन्छ। र त्यसले ठूलो मात्रामा जन–धनको क्षति गर्छ।

विज्ञहरूको भनाइ अनुसार पृथ्वीलाई थप तातो हुनबाट न जोगाउने हो भने आउने ३० वर्षमा संसारका विभिन्न देशहरूबाट करीब १२ करोड मानिस स्थानान्तरित हुनेछन्। स्थानान्तरित हुनेहरू मध्ये कसैको देश त कसैको शहरको अस्तित्त्व रहने छैन। अर्थात् केही देश र शहर समुद्रको गर्भमा पस्नेछन्। तिनको अस्तित्व सदाका लागि समाप्त हुनेछ।

विश्व वातावरणमा आउने यो परिवर्तनले धनी र गरीब दुवै राष्ट्रलाई सताउने छ तर जनधनको क्षति भने गरीब राष्ट्रहरूले बढी बेहोर्नुपर्नेछ। गरीब राष्ट्रहरूले कतिसम्म दुःख पाउने छन् भन्ने कुराको उदाहरणको रूपमा भारतलाई लिन सकिन्छ। अहिले भारतको नयाँ दिल्ली, त्यो स्तरमा प्रदूषित भएको छ, दिल्लीको आकाश कालो धूवाँले यति भरिएको छ कि दिल्लीको बासिन्दाले त्यहाँको वायुमण्डलमा दिनभरि सास फेर्दा २० वटा चुरोट खाए सरह हुन पुगेको छ। दिल्लीको आकाश कालो धूवाँले भरिएर सास फेर्न घातक भएकोले गएको मङ्गलवार (November 16, 2021) देखि दिल्लीका स्कूल एवं कलेज कक्षाहरू अनिश्चितकालका लागि स्थगित गरिएका छन् भने सबै किसिमका निर्माण नोभेम्बर २१ सम्म बन्द राख्न आदेश जारी गरिएको छ।

> **विज्ञहरूका अनुसार पृथ्वीलाई थप तातो हुनबाट न जोगाउने हो भने आउने ३० वर्षमा विभिन्न देशहरूबाट करीब १२ करोड मानिस विस्थापित हुनेछन्। विस्थापित हुनेहरूमध्ये कसैको देश त कसैको शहरको अस्तित्त्व रहने छैन। अर्थात् केही देश र शहर समुद्रको गर्भमा पस्नेछन्।**

विश्व मौसममा आएको परिवर्तनले धनी राष्ट्रहरूलाई पनि उत्तिकै सताएको छ। अमेरिकाको क्यालिफोर्निया राज्यमा हालै भएको 'डिक्सी फायर' नामकरण गरिएको वन डढेलोले ठूलो क्षति पुर्‍याएको थियो। जुलाई १३, २०२१ मा यो जङ्गल–आगलागी आरम्भ भएको थियो। बट, प्लमस, लासेन, सस्टा र तेहामा गरी पाँच काउन्टीमा फैलिएको आगो क्यालिफोर्निया राज्यको इतिहासमा नै दोस्रो ठूलो वन–डढेलो बन्न पुग्यो। विज्ञहरूले यो आगलागीलाई पनि विश्व मौसमा आएको परिवर्तन ( पृथ्वी अधिक तात्नु) सँग जोडेका छन्। यो आगलागीले करीब ९ लाख ६३ हजार ३०९ एकड जङ्गल ध्वस्त पारेको थियो।

विश्व वातावरण थप प्रदूषित हुन बाट जोगाउन अनेक प्रयास धेरै पहिलेदेखि भएका छन्। तर ती प्रयासहरू चर्चामा आएका छैनन्। धनी राष्ट्रहरूले गरेका त्यस्ता प्रयास धेरै वर्ष भयो। विश्वलाई थप तात्नबाट जोगाउन धनी राष्ट्रहरूले धेरै पहिलेदेखि गरेका दुई प्रयास हुन् :

१ ग्रीन मार्केटिङ (Green marketing)
२ लिन म्यानुफेक्चरिङ (Lean manufacturing)

**ग्रीन मार्केटिङ**

बजार व्यवस्थापनका प्रत्येक कार्यलाई विश्व पर्यावरणसँग जोडेर हेर्ने र सोही अनुसार बजार व्यवस्थापनका कार्यहरू गर्नुलाई ग्रीन मार्केटिङ भन्ने गरिन्छ। औद्योगिक विसर्जनको राम्रो व्यवस्थापन गर्नु, उत्पादन प्रक्रियाद्वारा वातावरण विनाश हुन नदिनु, प्लास्टिकको कम प्रयोग गर्नु वा पटक्कै नगर्नु, रिसाइक्लिङ प्रणालीलाई वातावरण–मैत्री तुल्याउनु, सवारीका साधनहरूको प्रयोग कम पारेर वातावरण स्वच्छ राख्ने प्रयास गर्नु, सफा इन्धन (बिजुल, बैट्री, सौर्य ऊर्जा, वायु ऊर्जा आदि) प्रयोग गर्नुजस्ता कार्य गर्नु भनेको ग्रीन मार्केटिङ प्रवर्द्धन गर्नु हो। धनी राष्ट्रहरूले अहिले ग्रीन मार्केटिङमा जोड दिइरहेका छन्। यातायात र औद्योगिक क्षेत्रलाई वातावरण–मैत्री बनाउने प्रयास गरिरहेका छन्। मुनाफाका लागि प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन गरेर विश्व वातावरण विषाक्त पार्ने कार्यको ग्रीन मार्केटिङ अभियानले घोर विरोध गर्दछ।

**लिन म्यानुफेक्चरिङ**

विभिन्न वस्तुहरू उत्पादन गर्दा अनेक औद्योगिक प्रक्रिया सम्पन्न हुन्छ। ती प्रक्रियाहरूले ठूलो मात्रामा फोहर (Waste) पनि ठूलो परिमाणमा उत्पादन गर्दछ। यसरी उत्पादन प्रक्रिया सम्पन्न हुँदा निस्कने फोहर कम गर्नु, ज्यादै कम स्तरमा लग्ने लक्ष्य राख्नुलाई लिन म्यानुफेक्चरिङ भन्ने गरिन्छ। जापानमा लिन म्यानुफेक्चरिङको अभ्यास निकै गरिएको पाइन्छ।

लिन म्यानुफेक्चरिङले फोहर व्यवस्थापनमा जोड मात्र दिँदैन, विश्व वातारण संरक्षण गर्न विशेष योगदान पनि पुर्‍याउँछ। विश्व वातावरण स्वस्थकर बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।

गरीब राष्ट्रहरूमा औद्योगिक फोहर व्यवस्थापन अहिले टाउको दुःखाइ भएको छ। यस्तो किन भयो भने गरीब राष्ट्रका उद्योगहरूले औद्योगिक फोहर प्रायः नदी वा खोलामा विसर्जन गर्ने गरेका छन्। नदीहरूलाई यति दूषित पारेका छन् कि तिनको पानी विषाक्त हुन पुगेको छ। अर्कोतिर गरीब राष्ट्रहरूमा वातावरण स्वच्छ राख्न कोषको पनि अभाव छ।

धनी राष्ट्रहरूले लिन म्यानुफेक्चरिङ र ग्रीन मार्केटिङ अभ्यासमा ल्याएको धेरै भए पनि गरीब राष्ट्रहरूले यी दुई महत्त्वपूर्ण कार्य अभ्यासमा ल्याएको पाइँदैन। यी राष्ट्रका व्यवसायीहरूले केवल नाफामा जोड दिएर पर्यावरण संरक्षणलाई बेवास्ता गरेको पाइएको छ। साथै सामान्य जनतामा पनि विश्व वातावरण जोगाउनुपर्छ भन्ने चेतनाको अभाव छ।

## नेपालले वन क्षेत्र विनाशलाई सन् २०३० सम्म शून्यमा पुर्‍याउने

काठमाडौं, २ मङ्सिर/रासस

नेपालले वन क्षेत्र विनाशलाई सन् २०३० सम्म शून्यमा पुर्‍याउने लक्ष्य साथ तयार गरिएको वन तथा भूउपयोगसम्बन्धी ग्लास्गो घोषणा तथा सफा ऊर्जाका स्रोतलाई प्रवर्द्धन गर्नेसम्बन्धी 'कोल टु क्लिन इनर्जी' घोषणामा समेत हस्ताक्षर गरेको छ।




हालै सम्पन्न संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी संरचना महासन्धिका पक्ष राष्ट्रको २६औं सम्मेलन (कोप–२६) मा नेपालको वन व्यवस्थापनबाट प्राप्त हुने उत्सर्जन न्यूनीकरणका लागि वित्तीय सहायता प्राप्त गर्न 'लोवरिङ इमिशन वाई एक्सलेरेटिङ फरेस्ट फाइनान्स'सँग लेटर अफ इन्टेन्टमा समेत हस्ताक्षर भएको छ।

यसैगरी, सम्मेलनमा पेरिस सम्झौताको कार्यान्वयन र विश्वको तापमान वृद्धि नियन्त्रणको लक्ष्य एक दशमलव पाँच डिग्रीमा सीमित राख्ने लक्ष्यलाई निरन्तरता दिन 'ग्लास्गो जलवायु प्याक्ट'मा सहमति भएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ। सम्मेलन संयुक्त अधिराज्यको स्कटल्यान्डस्थित ग्लास्गो शहरमा गत ३१ अक्टोबरदेखि १२ नोभेम्बर २०२१ सम्म आयोजना भएको थियो। सम्मेलनमा नेपालकोतर्फबाट प्रधानमन्त्री शेरबहादुर देउवाको नेतृत्वमा वन तथा वातावरण मन्त्री रामसहायप्रसाद यादव, विभिन्न मन्त्रालयका सचिवलगायतका उच्चस्तरीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो।

सम्मेलनको दौरान नोभेम्बर १ र २ मा आयोजना भएको 'वर्ल्ड लिडर्स समिट'मा नेपालको तर्फबाट प्रधानमन्त्री देउवा र वनमन्त्री यादवको समेत सहभागिता थियो। प्रधानमन्त्री देउवाले जलवायु परिवर्तनका चुनौती र सोको व्यवस्थापनमा नेपालका प्रयास र उपलब्धि समेटेर राष्ट्रिय वक्तव्य दिएका थिए।

वन मन्त्रालयका सचिव डा पेमनारायण कँडेलले आगामी वर्ष सन् २०२२ भित्र खासगरी ठूला हरितगृह ग्याँस उत्सर्जक पक्ष राष्ट्रले आआफ्नो लक्ष्यसहितको राष्ट्रिय निर्धारित योगदान (एनडिसी) पेस गर्नुपर्ने विषयमा भएको सहमति प्रमुख उपलब्धि भएको अवगत गराए। साथै हरितगृह ग्याँसको प्रमुख स्रोतका रूपमा रहेको कोइलाको प्रयोगलाई निरुत्साहित गर्दै जाने र जैविक इन्धनमा दिँदै आएको अनुदानलाई निरुत्साहित गर्ने सहमतिसमेत भएको छ।

कार्बन व्यापारसम्बन्धी पेरिस सम्झौताको धारा ६ तथा पारदर्शिता संरचनासम्बन्धी धारा १३ लाई कार्यान्वयन गर्न महत्त्वपूर्ण सहमति भएको सचिव डा कँडेलले बताए। विगतका सम्मेलनमा विकसित राष्ट्रले प्रतिबद्धता व्यक्त गरेको एक खर्ब अमेरिकी डलरको जलवायु वित्तको लक्ष्य पूरा हुन नसकेको र सो लक्ष्य पूरा गर्न सन् २०२३ सम्म पर्खनुपर्ने देखिएकोप्रति पक्षराष्ट्रले गम्भीर चिन्ता व्यक्त गरेका थिए।

विकसित राष्ट्रले सो प्रतिबद्धता पूरा गर्ने सम्बन्धमा जारी गरेको जलवायु वित्त योजनालाई स्वागत गर्दै सकेसम्म छिटो सो लक्ष्य पूरा गर्न र सन् २०२५ सम्म प्रतिवर्ष एक खर्ब अमेरिकी डलरको वित्त व्यवस्थापन लगातार गर्नेमा सहमति भएको वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख सहसचिव डा राधा वाग्लेले बताइन्। सम्मेलनमा जलवायु वित्त व्यवस्थापनसम्बन्धी सन् २०२५ पछिको नयाँ सामूहिक परिमाणात्मक लक्ष्य निर्धारण गर्दा हालको प्रतिवर्ष एक खर्ब अमेरिकी डलरको प्रतिबद्धतालाई आधार मानेर गर्नुपर्ने र उक्त लक्ष्यमा जलवायुजन्य हानिनोक्सानी वित्तलाई समेत समेटेर लक्ष्य निर्धारण गरिने सहमति भएको छ।

जलवायु वित्त र अन्य विकास सहायतालाई परिभाषित गर्दै जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणसम्बन्धी वित्तीय सन्तुलन कायम रहनुपर्ने नेपालसमेतको धारणा अनुरूप नै सन् २०२५ सम्ममा अनुकूलन वित्तलाई बढाएर दोब्बर पार्न विकसित राष्ट्र सहमत भएका सहसचिव डा वाग्लेले जानकारी दिइन्। सम्मेलनमा नेपाललगायतका देशले पेस गरेका राष्ट्रिय अनुकूलन योजनालाई स्वागत गरिएको थियो।

जलवायुजन्य हानिनोक्सानीका विषयमा महत्त्वपूर्ण छलफल नेपाललगायतका अतिकम विकसित, साना टापू तथा अन्य विकासोन्मुख राष्ट्रले महत्त्वपूर्ण मुद्दाका रूपमा उठाउँदै आएको जलवायुजन्य हानिनोक्सानीका विषयले सम्मेलनका दौरान भएका छलफलमा विशेष महत्त्व पाएको थियो।

सोहीबमोजिम जलवायुजन्य हानिनोक्सानी रोक्ने, न्यूनीकरण गर्ने र त्यस्ता हानिनोक्सानीलाई सम्बोधन गर्ने विषय कोप–२६ को मूल निर्णयमा समेत उल्लेख गरिएको मन्त्रालयले जनाएको छ।

जलवायु परिवर्तनजन्य हानिनोक्सानीका लागि स्थापित 'सान्टियागो नेटवर्क'का कार्यविवरण तयार पारी त्यसलाई कार्यान्वयनमा ल्याउनेबारेमा पक्षराष्ट्र सहमत भएका छन्। हानिनोक्सानीलाई सम्बोधन गर्ने वित्त व्यवस्थापनका विषयलाई नियमित छलफलमा जारी राख्ने, सन् २०२४ सम्ममा सो सम्बन्धमा टुङ्गोमा पुग्ने र सन् २०२५ पछिको 'कलेक्टिभ क्वान्टिफाइड फाइनान्स गोल'मा उक्त विषयलाई अझ व्यवस्थितरूपले समेटिने सहमति भएको छ।

नेपालले महत्त्वका साथ उठाउँदै आएको उच्च हिमाली क्षेत्रको हिम क्षेत्रसम्बन्धी मुद्दालाई यस वर्षको सम्मेलनले मूल निर्णयलगायत अनुसन्धान तथा अनुकूलनका विषयमा भएका निर्णयमा समेत उल्लेख गराउन सफलता प्राप्त भएको वन मन्त्रालयका प्रवक्ता एवं सहसचिव मेघनाथ काफ्लेले बताए।

जलवायु परिवर्तन सम्मेलनकै पूर्वसन्ध्यामा सरकारबाट सन् २०२० को अन्तमा स्वीकृत भएको दोस्रो निर्धारित राष्ट्रिय योगदान (एनडिसी) तथा हालै स्वीकृत भएका राष्ट्रिय अनुकूलन योजना, शून्य उत्सर्जनको दीर्घकालीन रणनीति र जलवायुजन्य हानिनोक्सानीको राष्ट्रिय संरचनालगायत दस्तावेजबारे सम्मेलनमा गरिएका प्रस्तुतीकरणले नेपालको प्रतिबद्धता र प्रतिनिधित्वलाई थप प्रभावकारी बनाउन सहयोग पुगेको थियो।

## प्राधिकरणलाई चिन्ता : बिजुलीको खपत कसरी बढाउने

–रमेश लम्साल

नेपाल विद्युत् प्राधिकरणको प्रणालीमा पछिल्लो समय दुई हजार मेगावाट विद्युत् उपलब्ध छ। माथिल्लो तामाकोशी जलविद्युत् आयोजनाले ४५६ मेगावाट बिजुली उत्पादन गरेपछि प्रणालीमा गुणात्मक परिवर्तन देखा पर्‍यो। अपेक्षित माग भने बढ्न सकेन।

यस वर्षको लक्ष्मी पूजाको दिनको साँझको विवरण हेर्दा एक हजार २७० मेगावाट मात्रै बिजुलीको उच्च माग देखियो। गत असोज १० गते सबैभन्दा बढी एक हजार ७२० मेगावाटको हाराहारीमा माग पुगेको थियो भने गएराति औसतमा बिजुलीको माग एक हजार ४२६ मेगावाट थियो।

नदीमा जल सतह कायमै छ। कुलेखानी जलाशय पूर्ण भरिएको छ। यी सबै खुशीका विषय सार्वजनिक भइरहेको बेला प्राधिकरणलाई भने एउटा चिन्ताले सताएको छ। यो चिन्ता हो, बिजुलीको खपत कसरी बढाउने ? सहजै बिजुलीको खपत बढ्ने अवस्था देखिएको छैन। जल तथा ऊर्जा आयोग, लगानी बोर्ड र प्राधिकरण स्वयंले गरेको अध्ययन अनुसार भइदिएको भए यस वर्ष प्रणालीमा झन्डै चार हजार मेगावाट बराबर बिजुली माग हुनुपर्ने थियो। तर अवस्था सोचेजस्तो भइरहेको छैन।

विगतमा १८ घण्टासम्म लोडसेडिङ भोगेका नेपालीलाई नियमित बिजुली पाउनु नै ठूलो कुरा थियो। अवस्था फेरियो, धमाधम आयोजना सम्पन्न हुन थाले तर माग भने बढेको छैन। प्राधिकरणमा दोस्रो कार्यकाल सम्हाल्न आइपुगेका कार्यकारी निर्देशक कुलमान घिसिङको पनि बिजुलीको खपत बढाउने विषय टाउको दुखाइ बनेको छ। प्रधानमन्त्रीदेखि ऊर्जामन्त्रीसम्मलाई उत्पादित ऊर्जा खेर गइरहेकोमा चिन्ता छ। समाधानको उपाय भने पत्ता लागिसकेको छैन। बिजुली खेर जान थाल्यो भन्ने देखिएपछि प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ औद्योगिक कोरिडर पुगिरहेका छन्। 'स्वदेशी बिजुली स्वदेशमैं खपत गरौं' भन्ने योजनाका साथ आफूले सकेसम्म पहल गरिरहेको उनको भनाइ छ। उत्पादन शुरू भएको तीन वर्षपछि चिनियाँ लगानीको होङ्सी सिमेन्टले ३० मेगावाट बिजुली पाएको छ। सो उद्योगले अझै ५० मेगावाट माग गरेको छ। जगदम्बा स्टीलले थप २५ मेगावाट माग गरेको छ। सगरमाथा सिमेन्ट, मारुती सिमेन्टले पनि थप बिजुली माग गरेका छन्।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान)का उपाध्यक्ष आशिष गर्गका अनुसार सरकारले वितरण प्रणाली निर्माण मात्रै गर्ने हो भने तत्काल नै देशभित्र एक हजार मेगावाट बिजुली खपत हुनेछ। उद्योग स्थापना गर्न चाहेका उद्यमी तथा हाल सञ्चालनमा रहेका उद्योगले माग गरेको बिजुलीको परिमाण हेर्दा एक हजार मेगावाट बढी बिजुली खपत हुने अवस्था रहेको उनको भनाइ छ।

यसो त प्राधिकरणले १३२ केभी क्षमताको प्रसारण लाइनमार्फत नै बिजुली उपलब्ध गराउने तयारी रहेको छ। उक्त क्षमताको प्रसारण लाइन र सबस्टेशननजीक रहेका उद्योगलाई माग गर्नेबित्तिकै बिजुली दिने योजनामा प्राधिकरण छ। उसले अल्पकालीन, मध्यकालीन र दीर्घकालीनरूपमा कुन उद्योगलाई के कति बिजुली चाहिएको हो, विवरण उपलब्ध गराउन भनेको छ।

यसबाट आशातीतरूपमा बिजुलीको माग बढ्ने प्राधिकरणको विश्वास छ। विगतमा डेडिकेटेड र ट्रङ्क लाइनको महसूल विवादका कारण उद्योगी–व्यवसायी बिजुलीको थप माग गर्न हच्किरहेका थिए। यतिबेला अवस्था फेरिएको छ। प्राधिकरणका कार्यकारी निर्देशकलगायतको टोली नै औद्योगिक कोरिडर पुगेर के कति थप बिजुली चाहिएको हो भन्ने जानकारी लिइरहेको छ। यस्तै, बिजुली खपतका लागि शहरी क्षेत्रमा इन्डक्शन चुलोको प्रयोग बढाउने योजना अगाडि सारिएको छ। नेपाल आयल निगमले एक सिलिन्डर ग्याँसको मूल्य रु एक हजार ५७५ निर्धारण गरेको अवस्थामा बिजुलीबाट खाना पकाउँदा रु ९०० मात्र लाग्ने भएको छ। बुधवारदेखि बिजुलीको नयाँ महसूल कार्यान्वयनमा आएको छ। पछिल्लो महसूल अनुसार अब १५० युनिटसम्म बिजुली खपत गरेर इन्डक्शन चुलोमा खाना पकाउन सकिन्छ।

प्राधिकरणले आक्रामकरूपमा योजना बनाएर कार्यान्वयन गर्ने हो भने आगामी तीन वर्षभित्र थप दुई हजार मेगावाट बिजुली इन्डक्शन चुलोमा खपत हुन सक्छ। यसबाट ठूलो मात्रामा आयात भइरहेको खाना पकाउने ग्याँसको खपत कम हुन जान्छ। निगमले वार्षिक झन्डै रु ४० अर्ब बराबरको रकम ग्याँस खरीदका लागि खर्चने गरेको छ।

त्रिभुवन विश्वविद्यालय इन्जिनीयरिङ अध्ययन संस्थानका प्राडा अमृतमान नकर्मीका अनुसार प्राधिकरणले इन्डक्शन चुलोको प्रयोग बढाउन व्यापक मार्केटिङ गर्नुपर्नेछ। प्रयोग गरौं भन्ने भरमा मात्रै नहुने भएकाले व्यापक 'मार्केटिङ' गर्नुपर्ने र उपभोक्तालाई पूर्ण विश्वास दिलाउनुपर्ने उनको भनाइ छ।

वितरण प्रणालीमा समस्या आउँछ कि ट्रान्सफर्मर पड्किन्छ कि भनेर चिन्ता नगर्न आग्रह गर्दै उनले भने– "व्यापक मात्रामा इन्डक्शनको प्रयोग बढे मात्रै बिजुलीको बजार खोज्दै भौंतारिनुपर्ने अवस्थाको अन्त्य हुन्छ।" दक्षिण एशियामा नेपालको प्रतिव्यक्ति विद्युत्

(बाँकी चौथो पातामा)

# सबल अर्थतन्त्रका लागि दिगो बैंकिङ

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**बैंकिङ क्षेत्रले मुलुकको अर्थतन्त्र, व्यवसायी र साना ऋणीहरूको वृद्धिमा योगदान दिंदादिंदै पनि बैंकहरू धेरै मुनाफामुखी भइरहेको पाइन्छ । मुनाफा गर्नु नराम्रो होइन, तर यसको असरमा पनि ध्यान दिनुपर्ने हुन्छ । संस्थागत सुशासनमा बैंकिङ क्षेत्र अलि चुकेकोजस्तो देखिन्छ ।**

दिगो विकास भन्नाले धान्न सकिने र टिकाउ विकास भन्ने बुझिन्छ । प्राकृतिक सम्पदाको अत्यधिक विनाशबाट उत्पन्न हुने वातावरणीय दुष्परिणाम र भविष्यका नागरिकको जिउने अधिकार हनन नहुनेगरी विकासको फल वर्तमान सन्ततिले उपयोग गर्नुपर्छ भन्ने मान्यता नै दिगो विकासको मान्यता हो। त्यसैले वातावरण र विकासबीच सन्तुलन नै दिगो विकास भनिएको हो। विकासको लाभ र गतिबाट प्राप्त प्रतिफललाई वर्तमान पुस्तामा मात्र सीमित नराखी भावी पीढीलाई समेत सुनिश्चितता प्रदान गरिने विकासको अवधारणा नै दिगो विकास हो । यसले अन्तर्पुस्ता समता कायम रहनुपर्ने मान्यतालाई स्वीकार गर्दै आत्मसात् गर्न जोड दिएको छ। दिगो विकासले विकास र वातावरणबीच सन्तुलन र संयोजन गर्दै भावी सन्ततिको स्वच्छ वातावरण र सन्तुलित अर्थतन्त्रमा बाँच्ने मौलिक हक सुनिश्चितता गर्दै अहिलेको पुस्ताको गुणस्तरीय जीवन अभिवृद्धि गर्ने मान्यताको वकालत गर्दछ ।

विश्वमा दिगो विकासको अवधारणा सन् १९७० को दशकदेखि शुरू भएको पाइन्छ। सन् २०१६ मा दिगो विकासका लक्ष्य लागू भएपछि यसले व्यवस्थित र विशिष्ट रूप लिएको छ । अहिले विश्वभरि दिगो विकासले तय गरेका १७ वटा लक्ष्यलाई साझा एजेन्डा मानेर विश्वको विकास अघि बढेको पाइन्छ । विकासका महत्त्वपूर्ण हरेक हिस्सेदारलाई दिगो विकाससँग जोड्न थालिएको छ । विकासको शास्त्रीय अवधारणाले सामाजिक, आर्थिक र वातावरणीय पक्षबीच सन्तुलन ल्याउने विषयलाई महत्त्वबोध नगरी विकास र वातावरण अलग-अलग रूपमा लिने गरेको देखिन्छ। यसका अलावा दिगो विकासको अवधारणले यी सबै पक्षको आयामगत विश्लेषण गरी सन्तुलित एवं संयोजित रूपमा हेर्ने कुराको वकालत गर्दछ । शुरूशुरूमा वातावरणीय चिन्ताको कारणले दिगो विकासको पृष्ठभूमि तयार भए तापनि हाल मानवीय कल्याण र अन्तर्पुस्ता समता कायम गर्ने विषयको रूपमा स्थापित हुन पुगेको छ । अतः हाल दिगो विकासबारे विभिन्न आयाममा बहस र विश्लेषण हुँदै आएको छ। जसले वातावरणीय, सामाजिक, आर्थिक, मानवीय, प्राविधिक, संस्थागत र शासकीय आयामबीच सन्तुलन हुनुपर्ने कुरामा जोड दिन्छ ।

दिगो विकासको आर्थिक आयाम अन्तर्गत गरीबी निवारण उन्मुख आर्थिक वृद्धि र स्वास्थ्यको समष्टिगत व्यवस्थापन पर्दछ । यसमा आर्थिक स्थायित्व र मौलिक तथा वित्तीय सन्तुलन, दिगो कृषि उत्पादन अन्तर्गत जलाधार व्यवस्थापन, भूसंरक्षण र जैविक खेती र वनसंरक्षण पर्दछ । त्यस्तै वातावरणीय आयाम अन्तर्गत प्राकृतिक स्रोत साधनको दिगो उपयोग, वातावरण संरक्षण र यसको व्यवस्थापन, वातावरण-मैत्री विकास, प्राकृतिक पूँजी तथा सम्पत्तिको गुणस्तरवृद्धि तथा सञ्चय र जैविक विविधताको संरक्षणजस्ता पक्षलाई समेटेको हुन्छ । यसैगरी सामाजिक आयाम अन्तर्गत गरीब र सीमान्त वर्गको संरक्षण गर्दै समतामूलक वितरणमा जोड दिइन्छ। विकास प्रक्रियाको समग्र चरणमा सहभागितात्मक प्रणाली आत्मसात गरी सामाजिक सेवाको उपलब्धता सुनिश्चित गर्दछ। समाजमा सारभूत समानता हासिल गर्न सामाजिक सशक्तीकरण र लैङ्गिक समानता हुनुपर्ने मान्यता राख्दछ । त्यस्तै सांस्कृतिक आयाम अन्तर्गत सांस्कृतिक एकीकरणमा जोड दिंदै सांस्कृतिक मूल्य र मान्यताको संरक्षण र विविधता तथा सम्पदाको संरक्षण तथा सदुपयोग हुनुपर्ने मान्यता अगाडि सारेको पाइन्छ। यसैगरी मानवीय आयामले जनशक्तिबाट पूँजी सिर्जना गर्न रोजगारको अवसरमा वृद्धि गरी भविष्य सुनिश्चित गर्ने गर्दछ भने मानवीय मूल्य-मान्यता आयामले संस्कृति र सदाचारको प्रवर्द्धन गरी विकासलाई आत्मसात गर्ने, गरीबी र असहाय वर्गको सशक्तीकरण गरी मानवीय र संस्थागत क्षमता विकास गर्ने उद्देश्यलाई समेट्दछ। त्यस्तै प्राविधिक आयामले सूक्ष्म एवं उपयुक्त प्रविधिको विकास, स्रोतको मितव्ययी र न्यून क्षति हुने ढङ्गबाट उपयोग गर्न सकिने प्रविधि आत्मसात गर्ने र आर्थिक विकासका साथै मानवीय जीवन सुगम बनाउने र वातावरणीय हिसाबले संरक्षणमा टेवा पुऱ्याउने प्रविधि अवलम्बन गर्ने कुराको सिफारिश गर्दछ।

यसै क्रममा दिगो विकासको अवधारणाको प्रभावकारी कार्यन्वयनका लागि पछिल्लो समयमा दिगो बैंकिङको अवधारणासहित बैंकिङ क्षेत्र पनि जोडिएको छ । संयुक्त राष्ट्रसङ्घले नै केही आधारभूत सिद्धान्त तय गरी बैंकलाई स्वतःस्फूर्त यो अवधारणा अनुरूप काम गर्न आग्रह गरेको छ। यसै अनुसार विश्वका विभिन्न बैंकले दिगो बैंकिङ अभ्यास शुरू गरिसकेका छन् । यसको आधारभूत अवधारणा भनेको बैंकहरूले व्यवसाय गर्ने सिलसिलामा आम मानिसको आवश्यकतालाई सम्बोधन गर्ने र यस सिलसिलामा वातावरणीय संरक्षणमा ध्यान दिएर वित्तीय औजारहरू तयार गर्ने अनि सोहीबमोजिम सेवा प्रवाह गर्ने हो । दिगो बैंकिङले संस्थागत सामाजिक उत्तरदायित्वलाई पनि समावेश गर्छ भने यससँग बैंकिङ आचरण, पर्यावरणीय बैंकिङ र हरित बैंकिङ क्षेत्रहरू पनि जोडिन्छन् । सन् २००८ मा विश्वव्यापी आर्थिक मन्दीसँगै विश्वका ठूला बैंकहरूले पनि ठूलै सङ्कट भोग्नुपऱ्यो। यसले बैंकप्रतिको विश्वासमा समेत कमी आउन थालेपछि त्यति बेलादेखि नै परिष्कृत बैंकिङको आवश्यकता महसुस गरिएको थियो । यिनै अनुभवलाई समेत ख्याल गरेर सन् २०१९ देखि राष्ट्रसङ्घले दिगो विकास लक्ष्य अनुरूप जिम्मेवार बैंकिङ अवधारणा अघि सारिएको पाइन्छ। यो अवधारणाले ६ वटा सिद्धान्तलाई समावेश गरेको छ । यस अन्तर्गत बैंकहरूको व्यावसायिक रणनीति दिगो विकास लक्ष्यसँग अनुकूल बनाउनुपर्ने, बैंकहरूले आफ्नो कारोबारीय गतिविधिबाट मानिस र वातावरणमा परेको प्रभावबारे बारम्बार अध्ययन गर्नुपर्ने, अहिलेको पुस्तासँगै भावी पुस्ताको आर्थिक गतिविधिलाई समेत सम्बोधन गर्ने गरी दिगो बैंकिङ अभ्यास अँगाल्नुपर्ने र समाजको लक्ष्य प्राप्तिका लागि विभिन्न सरोकारवाला पक्षहरूसँग साझेदारी र सहकार्य गर्नुपर्ने सिद्धान्त अघि सारिएका छन् । बाँकी दुइटा सिद्धान्त बैंकको संस्थागत सुशासन र पारदर्शितासँग सम्बन्धित छन् ।

राष्ट्रसङ्घले तय गरेको दिगो बैंकिङ अवधारणालाई शुरूमा विश्वका ३० वटा बैंकले अनुसरण गर्ने प्रतिबद्धता जनाएका थिए। हाल २ सयभन्दा बढी बैंकले यसमा हस्ताक्षर गरेका छन्। एशियामा जापान, चीन, बङ्गलादेश, भारतजस्ता मुलुकका बैंकहरू छन् । तर नेपालका बैंकहरूले अहिलेसम्म यसमा हस्ताक्षर गरेका छैनन्। नेपाल पनि दिगो विकास लक्ष्यमा हस्ताक्षर गर्ने विश्वका १ सय ९३ मुलुकमध्ये एक हो । १७ लक्ष्य, १ सय ६९ वटा सूचक र २ सय ३९ वटा सहायक सूचकहरू रहेको यो विश्वव्यापी दस्तावेजले आर्थिक, सामाजिक, वातावरणीय, समावेशीकरण र सुशासनजस्ता विकासका बहुआयामिक पक्षलाई समावेश गरेको छ। सन् २०३० सम्म हासिल गर्ने भनिएका दिगो विकासका धेरै मूलभूत कुराहरू दिगो बैंकिङले सम्बोधन गर्छ । यस अन्तर्गत उपरोक्त ६ वटा सिद्धान्त आत्मसात गर्न नेपालका बैंकहरूले संस्थागत अभ्यासको थालनी गर्नुपर्नेछ । नियमनकारी निकायले पनि यस्तो बैंकिङ प्रणाली प्रवर्द्धन गर्न नीतिगत कामहरू गर्नुपर्नेछ ।

नेपालमा ८० को दशकसम्म स्थानीय बैंकहरू मात्रै थिए । त्यसपछि ८४ बाट निजी बैंकहरू आए र वास्तविक अर्थमा बैंकिङ अभ्यास शुरू भयो ।

परम्परागतरूपमा चलिरहेको बैंकिङ प्रणालीमा निजी क्षेत्रको प्रवेशसँगै यो क्षेत्र पुनःपरिभाषित पनि हुँदै गयो। बैंक, सेवा दिने वित्तीय संस्था हो भन्ने अवधारणाले ठाउँ लिन थाल्यो । सन् २००० को दशकदेखि बैंक तथा वित्तीय संस्थाहरूको सङ्ख्या उच्च दरमा वृद्धि भएको पाइन्छ । बैंकले अर्थतन्त्र विस्तारका लागि धेरै ठूलो योगदान पुऱ्याइरहेको छ। अहिलेका व्यवसायको आकार निकै ठूलो हुनुमा बैंकको महत्त्वपूर्ण योगदान छ । नेपालका व्यवसायहरूमा बैंकले ७० देखि ८० प्रतिशत लगानी गरिरहेको तथ्याङ्क छ। बैंकले यो दरमा लगानी नगरेको भए मुलुकको अर्थतन्त्र र व्यवसायीहरूको व्यवसाय यो आकारमा आइपुग्ने थिएन होला। त्यसैले अर्थतन्त्रमा बैंकिङ क्षेत्रको योगदानको वस्तुनिष्ठ मूल्याङ्कन हुनु आजको आवश्यकता हो । हाम्रो लगानीले कस्तो अर्थतन्त्रको निर्माण भयो त ? व्यक्ति, समाज र मुलुकका लागि कस्तो योगदान गऱ्यो भन्ने कुरा महत्त्वपूर्ण छ। वित्तीय सम्पत्तिका लागि गर्ने लगानी र वास्तविक अर्थतन्त्रका लागि गर्ने लगानीमा धेरै फरक छ। वास्तविक अर्थतन्त्रमा जब लगानी गरिन्छ, त्यसले वस्तु तथा सेवाको उत्पादन गर्छ। रोजगार सिर्जना र अर्थतन्त्रमा वृद्धि हुन्छ, बैंकले थप लगानीको लागि पूँजी पनि पाउँछ । राम्रो लगानीले बैंकको लगानी पनि सुनिश्चित हुन्छ ।

अन्त्यमा बैंकिङ क्षेत्रले मुलुकको अर्थतन्त्र, व्यवसायी र साना ऋणीहरूको वृद्धिमा योगदान दिंदादिंदै पनि बैंकहरू धेरै मुनाफामुखी भइरहेको पाइन्छ । मुनाफा गर्नु नराम्रो होइन, तर यसको असरमा पनि ध्यान दिनुपर्ने हुन्छ । संस्थागत सुशासनमा बैंकिङ क्षेत्र अलि चुकेकोजस्तो देखिन्छ । त्यसै कारणले बैंक तथा वित्तीय संस्था समस्याग्रस्त भएका छन् । केही मर्जरमा गएर सेफ ल्यान्डिङ भएका छन्। अझै पनि कतिपय बैंकहरू धेरै नाफा कमाउने र पहिलो बन्ने होडबाजीमा लागेका छन् । यसैका लागि दिगो बैंकिङ चाहिन्छ र यो नै अहिलेको आवश्यकता हो ।

# सहज तरीकाले ठूला योजना सञ्चालन हुने नीति बनाउनुपर्छ -अर्थमन्त्री शर्मा

काठमाडौं, २ मङ्सिर/रासस

अर्थमन्त्री जनार्दन शर्माले विकास निर्माणमा सहजीकरण गरी ठूला योजनालाई सरल र रोकावटविना नै सञ्चालन गर्ने तयारीमा सरकार रहेको बताएका छन् । मन्त्रालयमा बिहीवार आयोजित विकास निर्माण सहजीकरण कानूनसम्बन्धी छलफलमा उनले झन्झटिलो कानून र विभिन्न किसिमका रोकावटले ठूला आयोजना रोकिंदै आएकाले अब त्यस्तो व्यवस्था हटाउनुपर्ने उल्लेख गरे । "अख्तियार, कानून तथा अदालतलगायतले ठूला आयोजनाहरू नरोकिऊन्," उनले भने, "सरल र रोकावटविना ठूला योजना सञ्चालन हुने नीति बनाउनुपर्छ ।"

उनले आर्थिक जीवनमा परिवर्तन ल्याउने योजना छनोट गरी तिनलाई कसैले रोक्न नसक्ने किसिमको कानून तर्जुमा गर्नुपर्ने बताए । राजनीतिक प्रकृति र राजनीतिक आवश्यकताका आधारमा योजनालाई छुट्याउन आवश्यक रहेको उनको भनाइ छ। कतिपय राजनीतिक प्रकृतिका योजनाका कारण खर्च हुन नसकेको जनाउँदै अर्थमन्त्री शर्माले आवश्यकताका आधारमा योजनाको छनोट गर्नुपर्ने धारणा राखे ।

उनले कानून निर्माताहरूले विगतमा राम्रोसँग अध्ययन नगरीकनै कानून पास गरिदिंदा पनि अहिले समस्या निम्तिएको उल्लेख गर्दै सूक्ष्म अध्ययन गरेर कानून निर्माण गर्नुपर्छ भने ।

# सुनको मूल्यमा सामान्य वृद्धिः चाँदीको स्थिर

काठमाडौं, २ मङ्सिर/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य प्रतितोला रु २०० बढेर रु ९४ हजार ५०० कायम भएको छ । पहेंलो धातु बुधवार प्रतितोला रु ९४ हजार ३०० मा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार तेजाबी सुनको आजको मूल्य प्रतितोला रु ९४ हजार तोकिएको छ । बुधवार प्रतितोला रु ९३ हजार ८०० मा कारोबार भएको थियो ।

त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा स्थिर रहेको महासङ्घले जनाएको छ। बुधवार चाँदी प्रतितोला रु एक हजार २८० मा कारोबार भएको थियो । महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुनचाँदीका मूल्यको उतारचढावका आधारमा यहाँ दैनिक सुन तथा चाँदीको कारोबार मूल्य तोक्दै आएको छ ।

**प्राधिकरणलाई............**

खपत दर असाध्यै न्यून छ । भारतको प्रतिव्यक्ति खपत दर एक हजार किलोवाट घण्टा छ भने चीनको पाँच हजार किलोवाट घण्टा रहेको छ । नेपालको करीब ३०० किलोवाट घण्टा पुगेको छ। यस आधारमा पनि बिजुलीको खपत बढाउन ठूलो मेहनत गर्नुपर्ने प्राडा नकर्मीको भनाइ छ ।

यसो त ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री पम्फा भुसाल पनि इन्डक्शन चुलोको प्रयोग बढाउन अनुदान दिने विषयमा छलफल जारी रहेको बताउँछिन्। "कुन मोडलमा कसरी अनुदान दिने भन्नेबारे छलफल जारी छ। सरकारको तर्फबाट छिट्टै एउटा निर्णय हुन्छ"-उनले भनिन्-"विदेशी ग्याँस छाडौं, स्वदेशी बिजुली खपत गरौं भन्ने नाराका साथ देशव्यापी अभियान नै अगाडि बढ्छ ।"

सरकारले देशभित्रै बिजुलीको खपत बढाउन खेतीयोग्य जमीनमा सिंचाइका लागि छुट्टै ग्रिड नै बनाउने तयारी गरेको छ । महसूलसमेत प्रतियुनिट रु दुईको हाराहारीमा झरेको छ । केही वर्षभित्रै सिंचाइमा प्रयोग हुने बिजुली निश्शुल्कसमेत दिने सरकारको योजना छ। यसबाट तराईका फाँट तथा पहाडी क्षेत्रमा, टारमा सहजै सिंचाइ सुविधा पुग्छ र कृषिमा देशलाई आत्मनिर्भर बनाउन सकिन्छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता

२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज

३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक

२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम

२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम

३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७

डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज

डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता

प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज

डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क

डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर

डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज

डा. रमोला साह, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०

**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।

सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


# नेपाली काङ्ग्रेसको वडा अधिवेशन ३६ वटा वडामा सकियो

प्रस, वीरगंज, २ मङ्सिर/

नेपाली काङ्ग्रेसको १४औं महाधिवेशनको लागि हाल पर्सामा जारी गाउँ/नगरका वडा अधिवेशनको बिहीवार दोस्रो दिनसम्म कुल ११२ वटा वडामध्ये ३६ वटा वडामा सर्वसहमत पदाधिकारी चयन गरिएको छ । नेका पर्सा वडा अधिवेशन निर्वाचन कमिटी संयोजक नरेन्द्र केसीका अनुसार पर्साका बाँकी वडामा शुक्रवार मतदानबाट पदाधिकारी चयन हुनेछ । शुक्रवार रातिसम्म करीब ९० प्रतिशत वडाको अधिवेशन सकाउने लक्ष्यका साथ काम भइरहेको उनले बताए। उनका अनुसार पर्साका दुई ठाउँमा विवादका कारण झडप भए तापनि बाँकी वडामा शान्तिपूर्वक अधिवेशन भइरहेको छ । पर्साका दुईवटा सङ्घीय निर्वाचन क्षेत्र ओगेटेको वीरगंज महानगरका ३२ वटा वडामध्ये २० वटामा सर्वसहमतिले पदाधिकारी चयन गरिएको छ भने शुक्रवारसम्म करिब ३० वटा वडामा अधिवेशनको काम सक्ने लक्ष्य राखिएको उनले बताए ।

# कर सप्ताहमा पर्साका व्यवसायी मोहता सम्मानित

प्रस, वीरगंज, २ मङ्सिर/

१०औं राष्ट्रिय कर सप्ताह दिवस मनाइँदै छ। 'स्वेच्छिक कर सहभागितामा अभिवृद्धि : सुशासन विकास र समृद्धि'को नारासहित कर सप्ताहको अवसरमा उत्कृष्ट करदाता तथा कर्मचारीलाई सम्मानित गरिएको छ ।

आन्तरिक राजस्व कार्यालय पर्साले हिजो बुधवार उत्कृष्ट करदाता तथा कर्मचारीलाई सम्मानित गरेको छ । पर्साबाट ओम्नी इन्टरनेशनल प्रालिका सञ्चालक सन्दीप मोहता र उत्कृष्ट कर्मचारीमा शशी चौरसियालाई पर्साका प्रमुख जिल्ला अधिकारी उमेशप्रसाद ढकालले सम्मानित गरेका थिए। मङ्सिर १ देखि ७ गतेसम्म चल्ने कर सप्तारमा वृक्षारोपण, सरसफाई, अन्तर्क्रिया, पोखरिया तथा ठोरीमा कर शिविर गर्ने कार्यक्रम रहेको आन्तरिक राजस्व कार्यालय, पर्साका सूचना अधिकारी कर अधिकृत हृदयनारायण महतोले जानकारी गराए ।

आन्तरिक राजस्व कार्यालय, पर्साका प्रमुख कर अधिकृत कपिल सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पर्साका सुरक्षा अधिकारीहरू, वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ता, नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारीलगायतको सहभागिता थियो ।



तस्वीरः प्रतीक

# अन्तर्राष्ट्रिय समाचार

## पोल्यान्डद्वारा १०० आप्रवासी हिरासतमा –रक्षा मन्त्रालय



सेनाको नियन्त्रणमा अप्रवासी। तस्वीरः एपी

वार्सा, मङ्सिर २/एएफपी

पोलिश सेनाले राति बेलारूसबाट सीमा पार गर्न खोजिरहेका करीब १०० आप्रवासीको समूहलाई नियन्त्रणमा लिएको रक्षा मन्त्रालयले बिहीवार जनाएको छ।

लगभग १०० आप्रवासीको समूहलाई पोलिश सुरक्षाकर्मीहरूले हिरासतमा लिएको मन्त्रालयले बताएको छ। बेलारूसीहरूले आप्रवासीहरूलाई उनीहरूको ध्यान विचलित गर्न पोलिश सैनिकहरूलाई ढुङ्गा हानेका थिए। रासस

## जेरुसेलममा इजरायली सेनासँगको झडपमा ५७ जना घाइते

प्यालेस्टाइन, २ मङ्सिर/एएनआई/स्पुतनिक

जेरुसेलमको अल–इसाबियानजीक इजरायली सेनासँगको झडपमा कम्तीमा ५७ जना प्यालेस्टाइनी घाइते भएको सञ्चारमाध्यमले जनाएका छन्।

कुड्सनेट समाचार एजेन्सीले जनाए अनुसार इजरायली सैनिकहरूले गरेको अश्रु ग्याँस प्रहारबाट अधिकांश घाइते भएका छन्। प्यालेस्टाइनीहरूले बिहीवार आम हडताल गर्ने घोषणा गरेका छन्।

इजरायल र प्यालेस्टाइनबीचको सम्बन्ध दशकौंदेखि बिग्रिएको छ। प्यालेस्टाइनीहरूले इजरायलले आंशिकरूपमा ओगटेको पूर्वी जेरुसेलम र गाजापट्टीलगायत वेस्ट बैंकको भूभागमा आफ्नो स्वतन्त्र राज्यको लागि कूटनीतिक लडाइँ लडिरहेका छन्।

इजरायली सरकारले प्यालेस्टाइनलाई स्वतन्त्र राजनीतिक र कूटनीतिक संस्थाको रूपमा मान्यता दिन अस्वीकार गरेको छ र संयुक्त राष्ट्रसङ्घको आपत्तिको बावजूद कब्जा गरिएका क्षेत्रमा बस्तीहरू निर्माण गरिरहेको छ।

### सुडानको राजधानीमा दर्जनौं प्रदर्शनकारीहरूमाथि अश्रुग्याँस प्रहार

खार्तुम/एएफपी

सुडानी सुरक्षा बलले बिहीवार बिहान राजधानी खार्तुममा ब्यारिकेडहरू लगाएका दर्जनौं प्रदर्शनकारीहरूमाथि अश्रु ग्याँस प्रहार गरेको एक प्रत्यक्षदर्शीले बताएका छन्। उत्तरी खार्तुममा ठूलो सङ्ख्यामा प्रहरी तैनाथ गरिएको छ, जहाँ प्रदर्शनकारीहरूले रातभरि विरोध प्रदर्शन जारी राखेका थिए।

गत महीना सेनाले कब्जामा लिएपछि कू विरुद्ध बुधवारको प्रदर्शनी सबैभन्दा घातक र आक्रामक देखिएको बताइएको छ। चिकित्सकहरूले जनाए अनुसार बुधवारको प्रदर्शनमा कम्तीमा १५ जना प्रदर्शनकारीको मृत्यु भएको र तीमध्ये अधिकांश उत्तरी खार्तुमका थिए।

### अफगान सुरक्षा बलद्वारा काबुलमा आइएस लडाकू मारिए

काबुल/सिन्ह्वा

अफगान सुरक्षा बलले काबुल शहरमा इस्लामिक स्टेट (आइएस) वा आइएस लुकेको भनिएको ठाउँमा छापा मारेर एकजना लडाकूलाई मारेको तालिबान अधिकारीले बिहीवार जानकारी दिएका छन्।

इस्लामिक इमिरेट्सका सुरक्षा बलहरूले बुधवार राति खैरखाना जिल्लाको सराई–ए–शामली इलाकामा आइएस समूह लुकेको ठाउँलाई निशाना बनाएर एक विद्रोहीलाई मारेका छन् र अरू केहीलाई गिरफ्तार गरेका छन्, इनामुल्लाह समङ्गानीले आफ्नो ट्वीटरमा लेखेका छन्। बुधवार दिउँसो काबुल शहरको प्रहरी जिल्ला १३ दशती बर्ची क्षेत्रमा भएको दुईवटा बम विष्फोटमा कम्तीमा एकजनाको मृत्यु हुनुका साथै तीनजना महिलासहित छजना घाइते भएका थिए। काबुल विगत केही दिनयता हिंसात्मक घटनाको केन्द्र बनेको छ। कट्टरपन्थी आइएसले बुधवार भएको दुईवटा विष्फोटको जिम्मेवारी लिएको बताइएको छ। रासस


**रानीघाट–पोखरिया बस समिति**

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## अब खोप लगाउन पालो कुर्नुपर्दैन –मन्त्री खतिवडा

काठमाडौं, २ मङ्सिर/रासस

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री विरोध खतिवडाले कोरोना भाइरसविरुद्ध खोप लगाउन अब पालो कुर्नु नपर्ने बताएका छन्।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगंजमा बिहीवार फाइजर खोपको अभियानका सन्दर्भमा अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुसँग संयुक्त अनुगमनका क्रममा उनले खोपको अभाव नरहेकोले जुनुसुकै खोप केन्द्रमा गई सर्वसाधारणले खोप लगाउन सक्ने बताए।

"अब कहाँ, कुन वार, कुन दिन खोप लगाउन पाइन्छ भनेर कुर्नुपर्दैन"– मन्त्री खतिवडाले भने–"सर्वसाधारणले आफूलाई पायक पर्ने खोप केन्द्रमा गई जुन बेला पनि खोप लगाउन सक्छन्।"

उनका अनुसार वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, सैनिक अस्पताल र नेपाल पुलिसको अस्पतलामा २४सैं घण्टा सर्वसाधारणलाई खोपको व्यवस्था गरिएको छ।

मन्त्री खतिवडाले केही दिनपछि जिल्लामा पनि जुनसुकै बेला सर्वसाधारणले खोप लगाउन सक्नेगरी

(बाँकी अन्तिम पातामा)


**आयुर्वेदको चमत्कार**

इच्छा अनुसार छोरा-छोरी प्राप्त हुने !
लिखित प्रतिबद्धता !!
**सहयोगीः**
**बैद्य सूर्यमान श्रेष्ठ**
मो. ९८६९३७७४७७, ९८०५९२७०३३


**आजको राशिफल**

| | |
|---|---|
| मेष – धनलाभ | वृष – भाग्योदय |
| मिथुन – बेचैनी | कर्कट – मनोरञ्जन |
| सिंह – कर्मप्राप्ति | कन्या – प्रगति |
| तुला – वादविवाद | वृश्चिक – यात्रालाभ |
| धनु – कडाश्रम | मकर – ज्ञानोदय |
| कुम्भ – उदरपीडा | मीन – विजय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**नेपाल टेलिकम**
(नेपाल दूरसञ्चार कम्पनी लि.)
दूरसञ्चार कार्यालय, वीरगंज

**सिलबन्दी दरभाउपत्र (कोटेशन) आह्वानको सूचना**

***प्रथमपटक प्रकाशित मितिः २०७८/०८/०३ गते***

यस कम्पनीको दूरसञ्चार कार्यालय वीरगंज र अन्तर्गत कार्यालय कलैया, परवानीपुर र पोखरियाबाट वितरण गरिएका PSTN/FTTH टेलिफोन मरम्मत सम्भार तथा नयाँ जडान कार्यको लागि ५ थान (वीरगंज ४ थान र कलैया १ थान) टेम्पो गाडी भाडामा लिन आवश्यक रहेकोले स्थायी लेखा दर्ता तथा मू.अ.कर प्रमाणपत्र भएका इच्छुक व्यक्ति, फर्म वा संस्थाबाट सिलबन्दी दरभाउपत्र (कोटेशन) आह्वान गरिएको छ। आव २०७६/७७ को करचुक्ता गरेको व्यक्ति, फर्म वा संस्थाले यस कार्यालयबाट उपलब्ध हुने सिलबन्दी दरभाउपत्र फाराम रु ३,०००/– (अक्षरेपि रु तीन हजार मात्र)मा खरीद गरी फाराममा उल्लिखित शर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सम्पर्कः**
**नेपाल टेलिकम**
**दूरसञ्चार कार्यालय, वीरगंज**
**०५१-५२३२५५, ०५१-५२२०१५**



सरसफाइमा ध्यान दिउँ
बिरामी हुनबाट बचौं।

**वीरगंज महानगरपालिका**


## भाखा नाघेको कर्जा बुझाउनेबारे कृषि विकास बैंक लि.को २१ दिने सूचना

यस बैंकको शाखा कार्यालय गरुडाबाट तपसिलका बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरूले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाइ भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा यस कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकमसमेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लिखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि.को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिंदा लेखिदिएको धितो लीलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने बेहोरासमेत जानकारी गराउँदछौं। साथै तपसिल बमोजिमका व्यक्तिहरूलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिनेहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

**जिल्लाः रौतहट** — **शाखा कार्यालय, गरुडा**

| क्र.सं. | ऋणी (व्यक्ति)को नाम थर | ऋणीको पिता/पतिको नाम | ग्राहकको बाजे/ससुराको नाम | ठेगाना | आइडी नं. | मिसिल नं. | बाँकी साँवा | २०७८ कात्तिक महीनासम्मको बाँकी ब्याज | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जर्नेल रुलाह शेख | शेख अजुब | शेख रहमान | गम्हरिया बिर्ता–६ | ९१७०३० | १२४१६ | १०००००० | ५५४६० | १०५५४६० |
| २ | विश्वनाथप्रसाद शर्मा | पासपत राउत | शिवनन्दन राउत | गम्हरिया बिर्ता–७ | ९१७१५८ | १२५५५ | २९३४८६ | ४६३५३ | ३३९८३९ |
| ३ | अनत राय | धनुकी राय यादव | शोभा राय यादव | टेङ्ग्राहा–१, फतुवा विजयपुर | १३६१०६७ | १३७०० | ९५०००० | ८००११ | १०३००११ |
| ४ | राजेश्वरप्रसाद कलवार | बैजनाथ साह कलवार | पृथिचन साह कलवार | देवाही–५ | ९१६९९१ | १२३७३ | १४९५०० | ५२२२ | १५४७२२ |
| ५ | रनिया देवी | मेघनाथ हजारा | सहदेव हजारा | पिप्रापोखरिया–८ | ९१७०१० | १२३९४ | २००००० | ७३२० | २०७३२० |
| ६ | गीतादेवी यादव | मुन्सी महतो राय यादव | फिरोधन राय यादव | पिप्रापोखरिया–८ | ९१७०२७ | १२४१३ | १५०००० | १३५२१ | १६३५२१ |
| ७ | दशरथ दास | शिवदास तत्वा | विपत दास तत्वा | पतौरा–५ | ९१७०८५ | १२४७६ | १९९५०१ | ७१०१५ | २७०५१६ |
| ८ | रामनारायण राय यादव | टैट राय यादव | बतहु राय यादव | बरियारपुर–८ | ९१७१११ | १२५०६ | १९८५१८ | १००१९ | २०८५३७ |
| ९ | भोला राय यादव | मोहन राय यादव | गनपृत राय | बरियारपुर–४ | ९१६७४० | ११९८५ | १४६६७८ | २४२०२ | १७०८८० |
| १० | रामदुलारी देवी | परीछन ठाकुर | सीताराम ठाकुर | गरुडा–२ | ९१७०६८ | १२४५९ | १४६८३१ | १७८३८ | १६४६६९ |
| ११ | भुटा राय यादव | जीतु राय यादव | मगरई राय यादव | गेडहीगुठी–१ | ९१६६१५ | ११७९९ | ९९८४४ | ५२२६ | १०५०७० |
| १२ | सरयुग सहनी मलाह | दाछु सहनी | झिंगुर सहनी | बगही–२ | ९१६७०१ | ११९२८ | ६०००० | २४२२७ | ८४२२७ |
| १३ | ईजहार मियाँ चुडिहार | अदु मियाँ चुडिहार | गुलजार मियाँ | समनपुर–५ | ९१६७६३ | १२०१८ | ९८४४९ | ३४६८० | १३३१२९ |
| १४ | प्रेमशङ्कर राय यादव | महेन्द्र राय यादव | बेनी राय यादव | समनपुर–७ | ९१६८१० | १२०७९ | ९८७३५ | २९७६९ | १२८५०४ |
| १५ | गीता यादव | स्वम्वर राय यादव | हृदयनारायण प्रसाद यादव | पतौरा–७ | ९१६८१३ | १२०८२ | १९९९५७ | १०१८४ | २१०१४१ |
| १६ | गोविन्द राय यादव | कोदन राय यादव | परण राय | बरियारपुर–८ | ९१६८८८ | १२१७१ | १९९८७३ | ७४०५ | २०७२७८ |
| १७ | कपिलदेव राय | जियालाल राय यादव | जग्गा राय यादव | बगही–८ | ९१६९६७ | १२३४६ | २००००० | १२१४२ | २१२१४२ |
| १८ | हृदयनारायण यादव | भेरखी राय यादव | परापत राय | पिपरिया दोस्तिया–९ | ९१६४२७ | ११३९८ | १२४८७० | ५६०८ | १३०४७८ |
| १९ | जसिया देवी | दशै राय | गेनी राय यादव | प्रेमपुर गोनाही–२ | ९१६४२८ | ११३९९ | ९६८३० | ३२९८९ | १२९८१९ |
| २० | नर्भदा देवी | हृदयनारायण सिंह | द्वारिका प्रसाद | गरुडा–७ | ९१६४३७ | ११४३५ | १२१८३३ | ४२६३२ | १६४४६५ |
| २१ | रामेश्वर महतो | बैजनाथ महतो | सिरजोधन महतो | बगही–५ | ९१६५२७ | ११६१४ | ४५००० | ६५२९ | ५१५२९ |
| २२ | किसुन ठाकुर हजाम | अनत ठाकुर हजाम | गनपत ठाकुर हजाम | पिपरिया दोस्तिया–६ | ९१६५४८ | ११६५५ | २४७७६ | ८०२२ | ३२७९८ |
| २३ | फुदेना साह कानू | पृथी साह कानू | रामदेव साह कानू | मरियादपुर–८ | ९१६२११ | ९९२२ | ४९९८९३ | २५५९३ | ५२५४८६ |
| २४ | रामानन्द राय | जियालाल राय यादव | तिलक राय | बरियारपुर–८ | ९१५९८४ | १९३१ | १९९५०० | ११५८७ | २११०८७ |
| २५ | राधेश्याम प्रसाद | रामनारायण प्रसाद | मटुक राउत | पिपरिया दोस्तिया–३ | ९१६९९० | १२३७२ | १९९१३५ | १९०७३ | २१८२०८ |
| २६ | हितलाल राय यादव | सुखलाल राय यादव | ठकुरी राय यादव | पोठियाही–९ | ९१६८५५ | १२१३१ | १५०००० | ४२६०८ | १९२६०८ |
| २७ | रामवीर सहनी | रामचन्द्र सहनी | दिनकर सहनी | गेडहीगुठी–९ | ९१६३१० | १०९८५ | १९७५७३ | १२३८९ | २०९९६२ |
| २८ | रामविलास राय | कमल राय | जोधन राय | पिपरा पोखरिया–५ | ९१६३१२ | १०९९२ | ७९९३९ | ३४२६३ | ११४२०२ |
| २९ | रामबाबू राय यादव | दिनकर राय यादव | लीला राय यादव | महमदपुर–१ | ९१६६०८ | ११७८५ | ३८३५०९ | ४८०८५ | ४३१५९४ |
| ३० | रामप्रवेश राय | ठागा राय यादव | सोनफी राय यादव | महमदपुर–१ | ९१६८९५ | १२१८१ | १९९४२० | ६८६९७ | २६८११७ |
| ३१ | उमेशप्रसाद कुर्मी | सुकदेव राउत | भगवान राउत | देवाही–६ | ९१७१३६ | १२५३२ | १९५००० | ११९२९ | २०६९२९ |
| ३२ | लालशर कुमारी | दीपलाल राय यादव | नथु राय यादव | टेङ्ग्राहा–४ | ९१६७४२ | ११९९१ | ४१५३१३ | १४०७२ | ४२९३८५ |
| ३३ | रामअयोध्या राउत | रकटु राउत | ठागा राउत कुर्मी | सोनारनिया–४ | ९१६९१८ | १२२०९ | ७८५०० | ५३१२ | ८३८१२ |
| ३४ | साधोलाल राय यादव | रामस्वरूप राय यादव | जलधारी राय | सङ्ग्रामपुर–६ | ९१७१२७ | १२५२३ | १९९४४२ | ६८१३ | २०६२५५ |
| | | | | कुल जम्मा | | | ७६०१९०५ | ८५०७९५ | ८४५२७०० |

**कृषि विकास बैंक लि.**, प्रदेश कार्यालय, वीरगंज

# पोखरिया नपालाई ६ बुँदे ज्ञापन

प्रस, पोखरिया, २ मङ्सिर/
लोकतान्त्रिक समाजवादी पार्टीका नेता निजामुद्दीन समानीको नेतृत्वमा बिहीवार पोखरिया नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत सञ्जय पाण्डेलाई ६ बुँदे ज्ञापनपत्र बुझाइएको छ।


निमित्त प्रमुख प्रशासकीय अधिकृत पाण्डेलाई ज्ञापन बुझाउँदै नेता समानी। तस्वीर: प्रतीक

ज्ञापनपत्रमा ग्रामीण क्षेत्रको एकमात्र पोखरिया अस्पतालको व्यवस्थापन गर्न प्रदेश सरकारले आवश्यक रकम उपलब्ध गराएकोमा खर्च नभएर फ्रिज हुनु दुर्भाग्यपूर्ण भएको जनाइएको छ। नेता समानीले ज्ञापनपत्र बुझाउँदै नगरप्रमुखलाई पटक–पटक अस्पतालको स्तरोन्नतिको लागि प्रदेश सरकारबाट आएको रकम खर्च गर्न दबाबमूलक कार्यक्रमसमेत गरेकोमा सोको बेवास्ता गरी रकम फ्रिज भएको भन्दै आक्रोश व्यक्त गरे। उनले अहिले पनि अस्पतालमा आम मानिसहरू औषधिबाट वञ्चित भएको र उचित उपचार पनि पाउन नसकेको दुःखेसो पोखे।

यसैगरी, ज्ञापनमा नगरपालिकाभित्र रहेका माविको समस्या समाधान गर्न पनि आग्रह गरिएको छ।

६ सूत्रीय मागमा प्रदेश सरकारसँग गरेको प्रतिबद्धता पूरा गर्नुपर्ने, पोखरिया अस्पतालमा बिरामीहरू भर्ना गरी उपचार गर्नुपर्ने, स्वास्थ्य बीमा गराएकाहरूलाई औषधि उपलब्ध हुनुपर्ने र उपचारको व्यवस्था मिलाउनुपर्ने, विद्यार्थीहरूको कक्षाकोठासहितको अध्यापनसम्बन्धी समस्या समाधान गर्नुपर्ने, शिक्षक दरबन्दी पूर्ति गर्नुपर्ने र पोखरिया नपाले सङ्घसंस्था दर्ता गर्ने नियम बनाउनुपर्ने माग गरिएको छ। ६ सूत्रीय माग मङ्सिर ११ गतेसम्म पूरा नभए १२ गतेदेखि धर्ना, सभा, जुलुसलगायतका आन्दोलनका कार्यक्रमहरू गर्ने चेतावनी दिइएको छ।

### अब खोप लगाउन......

व्यवस्थापन गर्न लागिएको जानकारी दिए। उनले फाइजर खोपबाट देखिने प्रभाव न्यूनीकरणको पहिलो चरणमा १२ वर्षभन्दा माथि उमेर समूहका दीर्घरोगीलाई खोप प्रदान गरिएको बताए। "खोपले के कस्तो प्रभाव पार्छ भनेर हामीले जनशक्ति प्रशिक्षित गर्न पहिलो चरणमा दीर्घरोगीलाई खोप लगाउन थालेका हौं"–उनले भने।

मन्त्री खतिवडाले एक महीनापछि १२ वर्षदेखि १८ वर्ष उमेर समूहका बालबालिकालाई फाइजर खोप प्रदान गरिने बताए।

सरकारले ६० लाख फाइजर खोप ल्याउन अन्तिम तयारी गरेको छ। उनले कोरोना भाइरसविरुद्ध खोप शतप्रतिशत जनतासम्म पुऱ्याउने बताए। मन्त्री खतिवडाले कोरोना भाइरसको महामारीका बेला काम गरेका स्वास्थ्यकर्मीलाई जोखिम भत्ता उपलब्ध गराइने बताए। "अर्थ मन्त्रालयसँग रकम माग गरेका छौं"–उनले भने।

मन्त्री खतिवडाले कोरोना भाइरसविरुद्ध लडाइँमा अमेरिकालगायत छिमेकी मुलुकसँगै अगाडि बढ्ने बताए। स्वास्थ्य बीमालाई सहज बनाइने उनको भनाइ थियो।

अमेरिकी सहायक विदेशमन्त्री डोनाल्ड लुले नेपाललाई कोरोना भाइरसविरुद्ध लडाइँमा अमेरिकी सरकारले शुरूदेखि नै साथ दिएको बताए। उनले कोभ्याक्समार्फत नेपाललाई फेरि खोप उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे। सो अवसरमा उनीहरूले अस्पतालमा खोप लगाएको अवस्थाको अनुगमनसमेत गरेका थिए।

कार्यक्रममा स्वास्थ्य सचिव डा रोशन पोखरेल, नेपालस्थित अमेरिकी राजदूत ऱ्यान्डी बेरीलगायतको उपस्थिति थियो।

फाइजर खोपको पहिलो मात्रा लगाउने अभियान यही कात्तिक २८ देखि मङ्सिर ४ गतेसम्म देशभरका २४ अस्पतालबाट सञ्चालन भइरहेको छ। अमेरिकी सरकारले कोभ्याक्स सुविधामार्फत नेपाललाई एक लाख ६२० मात्रा खोप उपलब्ध गराएको हो।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,



**वीरगंजमा जाडो बढेको अनुभूति**: वीरगंज महानगरको महावीरस्थान मन्दिरछेउमा थुपारिएको फोहर बालेर आगो ताप्दै फोहर सङ्कलनकर्ता। तस्वीर: नितेश कर्ण

# ठोरी गापाको बाघमोर्चा मन्दिरमा मूर्ति स्थापना

प्रस, ठोरी, २ मङ्सिर/
ठोरी गाउँपालिका–५ मा रहेको ऐतिहासिक बाघमोर्चा मन्दिर परिसरमा निर्मित नयाँ मन्दिरमा दुर्गा भगवतीको मूर्ति स्थापना गरिएको छ। बिहीवार ठोरी गापाको आयोजनामा धार्मिक कार्यक्रम गरी अनुष्ठानसहित मूर्ति स्थापना गरिएको हो।

गापा अध्यक्ष पद्मलाल श्रेष्ठ र उपाध्यक्ष शान्तिमाया थिङले पूजापाठ गरेपछि मूर्ति स्थापनाको विधि पूरा भएको पण्डित उद्धव न्यौपानेले बताए। ढलोटको सो मूर्ति निर्माणका लागि ठोरी गापाले रु ५ लाख ४५ हजार खर्चेको गापा अध्यक्ष श्रेष्ठले जानकारी दिए।


मूर्ति स्थापनार्थ पूजा गर्दै गापा अध्यक्ष र उपाध्यक्ष। तस्वीर: प्रतीक

ठोरीको महत्त्वपूर्ण धार्मिक क्षेत्रको रूपमा परिचित बाघमोर्चा मन्दिरमा नेपाल र भारतका भक्तजनहरू पूजापाठका लागि आउने गर्छन्। मन्दिरमा भाकल राखेर पूजापाठ गर्दा चिताएको पुग्ने भक्तजनहरूमा विश्वास छ। बर्सेनि कार्तिक शुक्ल पूर्णिमाको दिन पूजापाठ गर्न आउने भक्तजनहरूको घुइँचो लाग्ने मन्दिर क्षेत्रमा बोका र कुखुराको बलिसमेत दिने गरिएको छ।

पछिल्लो समय नेपाल र भारतका विभिन्न ठाउँबाट मन्दिरमा पूजापाठ गर्न आउनेहरूको सङ्ख्यामा वृद्धि हुन थालेपछि ठोरी गापाले धार्मिक पर्यटकीय क्षेत्र निर्माण अभियान थालेको गापा अध्यक्ष श्रेष्ठको भनाइ छ। उनका अनुसार नवनिर्मित मन्दिर निर्माण र रङ्गरोगनका लागि पालिकाको रु ५० लाखभन्दा बढी खर्च भएको छ। गापाकै लगानीमा मन्दिर प्राङ्गणमा प्रतीक्षालय निर्माण गरिएको छ। हुलाकी सडकसँग जोडिएको तथा झोलुङ्गे पुलका कारणसमेत आवतजावत गर्न सहज भएकोले पर्यटन प्रवर्द्धन गरिने गापा अध्यक्ष श्रेष्ठले बताए।

# रेलले किचेर युवकको मृत्यु

प्रस, सिम्रौनगढ, २ मङ्सिर/
छिमेकी देश भारतको घोडासहनमा रेलले किचेर एकजना युवकको मृत्यु भएको छ।




बुधवार राति घोडासहनको रेलवे लाइननजीक डुलिरहेका भारत, जगिर्हा निवासी २४ वर्षीय राहुल कुमारको मृत्यु भएको स्थानीय प्रहरीले जनाएको छ। रेलवे ट्र्याकमा हिंड्ने क्रममा राहुललाई पूर्व सीतामढीमा आएको रेलले किचेर घटनास्थलमा नै मृत्यु भएको आरपिएफएफ आउटपोस्ट प्रभारी विजय सिंहले बताए। घटनास्थलमा पुग्दा मृतकका परिवारजन मृतकको शव लिएर बेपत्ता भएको प्रभारी सिंहले बताए। घटनाबारे छानबीन भइरहेको उनले बताए।

# भन्सार छलीका सामानसहित ट्रक राजस्व चलान

प्रस, वीरगंज, २ मङ्सिर/
भन्सार छलीका सामान, ट्रक र चालकसहितलाई जिल्ला प्रहरी कार्यालय, पर्साले राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको छ।

जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले हिजो राति पौने १२ बजे वीरगंज महानगर–८ घण्टाघरबाट ना.६ख १३७ नम्बरको ट्रक नियन्त्रणमा लिएको र सो ट्रकबाट भन्सार छलीका सामान बरामद भएको बताए। ट्रकमा खुद्रा तथा हार्डवेयरलगायतका भन्सार छलीका सामानहरू बरामद भएको उनले जानकारी गराए। वीरगंजबाट रूपन्देहीतर्फ सो ट्रक गइरहेको सूचना प्राप्त भएको र चेकजाँच गर्दा ट्रकमा रहेका सामान बिल बिजकभन्दा बढी फेला परेपछि आवश्यक कारबाईको लागि राजस्व अनुसन्धान कार्यालय, पथलैया बुझाइएको प्रवक्ता खनालले बताएका छन्। ट्रक र सामानको मूल्याङ्कन रु ५० लाख गरिएको छ। ट्रक चालक मकवानपुर, राक्सीराङ गापा–३ का सुनबहादुर थिङ रहेको जिप्रका, पर्साले जनाएको छ।


तस्वीर सौजन्य: जिप्रका, पर्सा

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# अन्सारी सर्वसम्मत बुथ सभापति

प्रस, परवानीपुर, २ मङ्सिर/
सखुवाप्रसौनी गाउँपालिका–३ कौवावनकटैयाको नेका बुथ सभापतिमा मोजामिल अन्सारी सर्वसहमत चयन भएका छन्।

अन्सारीको सभापतित्वमा उपाध्यक्षद्वय साममहमद अन्सारी र ओजिर मियाँ, सचिवद्वय सुरेन्द्रप्रसाद कुर्मी र खुर्शिद अन्सारी, सहसचिवद्वय सफी महम्द अन्सारी र अच्छेलाल कुर्मीलगायत सदस्यहरू सर्वसम्मत चयन भएका निर्वाचन पर्यवेक्षक रवि सापकोटाले बताए।


## राष्ट्रिय जनगणना २०७८ किन ?

२०७८ कात्तिक २५ देखि मङ्सिर ९ गतेसम्म हुने राष्ट्रिय जनगणना २०७८ सफल पारौं।
- कोही नछुटौं, कोही नदोहरिऔं।
- बसोबास गरेकै ठाउँबाट आफ्नो विवरण लेखाऔं।
- घर–घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड